कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) प्राविधिक मापदण्ड, २०८०

## विषयसूची


१. पृष्ठभूमि ............ १

२. उद्देश्य ............ १

३. कार्यालयको अनुदान तथा सेवा प्रवाह प्रक्रियाः ............ १

४. प्राविधिक मापदण्डः ............ ३

क. गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम ............ ३

१. गरिब तथा विपन्न लक्षित वर्ग विशेष कृषि प्रवर्द्धन कार्यक्रम ............ ३

२. लोपोन्मुख तथा पिछडिएका वर्ग विशेष कार्यकम ............ ४

३. जनयुद्ध जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते/अपाङ्ग लक्षित आयआर्जन कार्यक्रम ............ ४

ख. ब्याज अनुदान कार्यक्रम ............ ५

१. कृषि व्यवसायको लागि ब्याज अनुदान (सहकारी तथा बैंक मार्फत) ............ ५

ग. कृषि यान्त्रिकिकरण कार्यक्रम ............ ५

१. कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम ............ ५

घ. स्याउ तथा ओखर विकास कार्यकम ............ ६

१. स्याउ तथा ओखर विकास कार्यक्रम ............ ६

ङ. कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम ............ ६

१. कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका अनुसार सञ्चालन गरिने कार्यक्रम ............ ६

२. एक स्थानीय तह एक कृषि तथा पशुसेवा प्राविधिक सेवा कार्यक्रम ............ ६

५ . नवीनतम प्रविधिमा आधारित कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम (नयाँ प्रविधिको ठूलो क्षेत्रमा विस्तार गर्नका लागि) ............ १२

६. मुख्यमन्त्री उत्कृष्ट कृषक/कृषि प्राविधिक पुरस्कार ............ १२

७. व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन ............ १४

८. कृषि मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन ............ १४

९. प्राविधिक विद्यालय मार्फत प्रविधि प्रसार तथा सिक्दै कमाउदै कार्यक्रम ............ १५


डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

१०. कृषिजन्य बाली वस्तुहरूमा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम....................१५
११. राहत वितरण कार्यक्रम....................१६
१२. प्लाण्ट क्लिनिक....................१७
१३. माटो परीक्षण मार्फत माटो स्वास्थ्य कार्ड वितरण कार्यक्रम....................१८
१४. दिवस, सप्ताह, समारोह....................१८
१५. कृषि सूचना प्रवाह....................१८
१६. स्थलगत घुम्ती तालिम कार्यक्रम....................१८
१७. ऐनले तोकिएका कार्यक्रमहरु....................१९
१८. म्युजियम व्यवस्थापन कार्यक्रम....................१९
१९. आइ.पि.एम. प्रविधि प्रदर्शन कार्यक्रम....................१९
२०. विषादीको नकारात्मक प्रभाव सम्बन्धी होर्डिङ बोर्ड स्थापना कार्यक्रम....................१९
२१. च्याउको स्पान उत्पादन कार्यक्रम....................२०
२२. कीटवक्स विधिद्धारा माटो परीक्षण शिविर सञ्चालन तथा माटो व्यवस्थापन तालिम कार्यक्रम....................२०
२३. घुम्ती प्रयोगशाला (मोवाईल भ्यान) मार्फत माटो शिविर सञ्चालन कार्यक्रम....................२०
२४. माटोको गुणस्तर सुधार सम्बन्धी प्रदर्शन कार्यक्रम....................२१
२५. एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला कार्यक्रम....................२१
२६. कृषक पाठशाला (फलफूल/तरकारी/मसलाबाली लगायत अन्य बाली)....................२१
२७. सम्भाव्यता तथा प्रभावकारिता अध्ययन कार्यकम....................२२
२८. प्राविधिक सेवा परामर्श कार्यकम....................२२
२९. युवा प्राविधिक स्वरोजगार कार्यकम (बेरोजगार कृषि तथा पशुपन्छी सेवा प्राविधिक)....................२२
३०. प्रयोगशाला जोखिम भत्ता कार्यक्रम....................२२
३१. तथ्याङ्क सङ्कलन विश्लेषण तथा प्रकाशन....................२२
३२. बागवानी विकास केन्द्रबाट सञ्चालित उत्पादन तथा प्रविधि प्रसारण कार्यक्रम....................२२
३३. स्थानीय तहमा आधारभूत कृषि तथा पशुपन्छी प्रयोगशाला स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम...२३

ख

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

३४. कृ षि पर्यटन प्रवर्द्धन कार्यक्रम ........................................................................२३

३५. छैटौं उद्योग (Sixth Industry) को अवधारणा अनुरुप नमुना व्यवसाय पाइलटिङ्ग कार्यक्रम........२३

३६. कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम (स्थानीय तह)............................२३

३७. लागत सहभागितामा आधारित अनुदान कार्यक्रम.................................................................२३

३८. प्रदेशको मुख्य नाकामा तथ्याङ्क संकलक परिचालन तथा व्यवस्थापन ....................................२३

च. साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम ............................................................................२३

१. साना सिँचाइ निर्माण, मर्मत सम्भार तथा मागमा आधारित सिँचाइ कार्यक्रम...............................२३

छ. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम ..........................................................................................२५

१. बीउ उत्पादन कार्यक्रम (खाद्यान्न, तरकारी, मसलाबाली, आलुबाली, जरेबाली आदि) .......................२५

२. साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि वा पशुसेवा) बाली उत्पादन विशेष कार्यक्रम...........२५

३. व्यावसायिक तरकारी खेती ठूला ग्रीननेट हाउसमा अनुदान कार्यक्रम ..........................................२६

४. रोड कोरिडोर तरकारी बाली प्रवर्द्धन कार्यक्रम...........................................................................२७

५. रोड कोरिडोर लक्षित व्यावसायिक प्रोत्साहन कार्यकम (रोड कोरिडोर तरकारी कार्यक्रम)...................२८

यस कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुलाई एक सूचना मार्फत कार्यालयमा सूचीकृत गराई कार्य थालनी गर्न सकिनेछ। ..............................................................................................२८

६. सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रम.........................................................................२८

७. रोड कोरिडोर व्यावसायिक कार्यकम (फलफूल खेती).......................................................................२८

८. व्यावसायिक फलफूलखेती प्रवर्द्धन कार्यक्रम...............................................................................२८

९. फलफूल क्षेत्र विस्तार कार्यक्रम.................................................................................................२८

१०. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम..............................................................................................२८

११. उत्पादनमुखी मिशन कार्यक्रम....................................................................................................२८

१२. कर्णाली प्रदेश बीउ क्षेत्र सहयोग कार्यक्रम.................................................................................२९

१३. व्यावसायिक फलफूल, तरकारी, खाद्यान्न, आलु, दलहन, मौरी, च्याउ, तेलहन, कपास बाली प्रवर्द्धन कार्यक्रम ...........................................................................................................२९

१४. उच्च मूल्य कृषि वस्तुको उत्पादन स्थल देखि बजार स्थल सम्म ढुवानी अनुदान कार्यक्रम............३०

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

१५. कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन.......................................३०
१६. नर्सरी स्थापना सञ्चालन विस्तार र सुदृढीकरण.......................................३०
१७. कृषि वन कार्यक्रम.......................................३१
१८. युवा कृषकलाई जग्गा भाडा सहयोग कार्यक्रम.......................................३१
१९. पुष्प खेती प्रवर्द्धन कार्यक्रम.......................................३१
२०. व्यावसायिक कीट विकास कार्यक्रम.......................................३१
२१. बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम.......................................३२
२२. न्यूनतम समर्थन मूल्य (बन्दा/काउली).......................................३२
ज. कृषि पूर्वाधार विकास कार्यक्रम.......................................३२
१. कृषिमा आधारित उद्योग स्थापना तथा सञ्चालन.......................................३२
२. शीत भण्डार, सेलारस्टोर, रष्टिक स्टोर निर्माण तथा सञ्चालन.......................................३२
३. प्रयोगशाला निर्माण तथा सञ्चालन.......................................३३
४. कृषि हाटबजार तथा कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन.......................................३४
५. कृषिजन्य उद्योगको प्रवर्द्धनात्मक कार्यकम.......................................३४
झ. प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम.......................................३४
१. रैथाने पशुपन्छी संरक्षण, सम्वर्द्धन र उपयोग कार्यक्रम.......................................३४
२. भकारो सुधार कार्यक्रम.......................................३४
३ स्थानीय तहमा प्राङ्गारिक कृषि उत्पादन प्रोत्साहन.......................................३५
४. स्थानीय कुखुरा विकास कार्यक्रम (सामुदायिक).......................................३५
५. प्राङ्गारिक मल, जैविक मल तथा जैविक विषादी उत्पादन प्रवर्द्धन कार्यक्रम.......................................३८
६. प्राङ्गारिक मोडेल कृषि कार्यक्रम.......................................३९
७. प्राङ्गारिक मिसन कार्यक्रम.......................................३९
८. जैविक मल तथा प्राङ्गारिक मल बिक्री परिमाणको आधारमा अनुदान कार्यक्रम.......................................३९
९. प्राङ्गारिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम.......................................३९



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


१०. जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम ........................................ ४२

११. फलफूल बगैंचामा जैविक मल तथा विषादी परीक्षण ........................................ ४२

१२. प्राङ्गारिक स्थानीय तह घोषणा तथा सहयोग कार्यकम ........................................ ४२

१३. प्राङ्गारिक कृषि सेवा प्रदान गर्न वडास्तरमा नमुना प्राङ्गारिक फर्म स्थापना ........................................ ४२

१४. कर्णाली ब्राण्ड निर्माण तथा प्राङ्गारिक वस्तु बजारीकरण सहयोग कार्यकम र कर्णालीको पहिचान निर्यातयोग्य बाली (स्याउ, सिमी, आलु, मह, अदुवा, बेसार, लसुन, घ्यू, छुर्पी, ऊन लगायतका निर्यातयोग्य बाली वा वस्तु) को लागि बजारीकरण तथा निर्यातमा अनुदान ........................................ ४२

१५. प्राङ्गारिक तथा रैथाने कृषि तथा पशुपन्छी उपज बजारिकरण गर्ने सहकारीलाई प्रोत्साहन कार्यक्रम...... ४३

१६. प्राङ्गारिक अदुवा वेसार उत्पादन गर्ने कृषकहरुलाई बिक्री परिमाणको आधारमा प्रोत्साहन सहयोग कार्यक्रम ४४

ञ. पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम ........................................ ४४

१. पशु विकास कार्यदल गठन तथा परिचालन ........................................ ४४

२. विशिष्ट जातका पन्छी (कालिज, बट्टाई, टर्की र अष्ट्रिच) प्रवर्द्धन कार्यकम ........................................ ४४

३. पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र विकास (निजी, सामुदायिक वा सहकारी) ........................................ ४४

४. मासु पसल तथा वधस्थल स्थापना तथा सञ्चालन ........................................ ४६

५. पशुपन्छी सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन ........................................ ४८

६. पशु स्वास्थ्य सेवा कार्यक्रम ........................................ ५२

७. ब्लकमा पशुपन्छी उत्पादन कार्यकम ........................................ ५२

८. रोड कोरिडोर व्यावसायिक कार्यकम (पशुपन्छी पालन) ........................................ ५२

९. भेडा वा चौरी पालक कृषकलाई प्रोत्साहन सहयोग कार्यकम ........................................ ५२

१०. पशु स्वास्थ्य शिविर सञ्चालन ........................................ ५३

११. प्रयोगशाला सेवा कार्यक्रम ........................................ ५३

ट. दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम ........................................ ५३

१. दुग्ध व्यवसाय प्रवर्द्धन तथा चिस्यान केन्द्र स्थापना कार्यक्रम ........................................ ५३

२. मुर्रा राँगो पाल्ने फर्म कृषकलाई सहयोग कार्यकम ........................................ ५६


डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


३. घाँस र खर्क विकास कार्यक्रम ........ ५७

ठ. मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम ........ ५८

१. मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम ........ ५८

ड. भूमि व्यवस्थापन तथा भू उपयोग कार्यक्रम ........ ६१

१. चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम ........ ६१

ढ. सहकारी विकास कार्यक्रम ........ ६१

१. सहकारी नमुना गाउँ स्थापना, सञ्चालन र व्यवस्थापन ........ ६१

२. महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम ........ ६२

३. महिला सहकारी संस्था मार्फत बीउ पुँजी तथा घुम्तीकोष सञ्चालन ........ ६२


डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

## १. पृष्ठभूमि

कृषि विकासको प्रयासमा कृषक तथा कृषिमा आधारित उद्योग एवं व्यवसायीहरुलाई विभिन्न तरिकाबाट अनुदान र सेवा प्रवाह गर्ने कार्य सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट हुँदै आएको छ। यसरी प्रवाह गरिने अनुदान र सेवालाई पारदर्शी, प्रभावकारी र सजिलो तरिकाले प्रवाह गरिनुपर्ने माग आम कृषकबाट आएको छ। यसै परिप्रेक्षमा विभिन्न कृषि व्यवसायमा संलग्न हुने कृषकहरुलाई कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र यस अन्तर्गतका कार्यालयहरूबाट आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएका विभिन्न कार्यक्रमहरू मार्फत प्रवाह गरिने सेवा र अनुदानलाई पारदर्शी, प्रभावकारी र सजिलो तरिकाले प्रवाह गराउन *"कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०८०"* को दफा ८ (क) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयवाट यो प्राविधिक मापदण्ड तयार पारिएको छ।

## २. उद्देश्य

- अनुदान प्रवाह पारदर्शी, सरल र छिटो छरितो बनाउने,
- अनुदान प्रक्रिया प्रतिफलमुखी बनाउने,
- अनुदान प्रवाह अनुमान योग्य र मागमा आधारित गराउने,
- कृषकको पहुँच बढाउने,
- कृषकका माग पहिचान र प्रक्षेपण गर्ने,
- कृषकको माग आंकलन गरी स्रोतको प्रक्षेपण, विनियोजन, प्राथमिकीकरण र योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने,
- प्राविधिक सेवा प्रवाह सुदृढ गराउने,
- सहभागितात्मक अनुगमन प्रणाली अवलम्वन गर्ने,
- कृषिको व्यवसायीकरणमा मद्दत पुऱ्याउने,
- सेवा प्रदायक, कृषि सामग्री आपुर्तिकर्ता बीच सिधा सम्पर्क स्थापना गर्न, दिगो सम्वन्धको विकास गराउन र अनुदान प्रवाह पछिको सेवा प्रवाह सुदृढ बनाउने।

## ३. कार्यालयको अनुदान तथा सेवा प्रवाह प्रक्रियाः

(अख्तियार प्राप्त अधिकारी, आर्थिक प्रशासन शाखा प्रमुख तथा कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी (सम्पर्क व्यक्ति) हरूले ध्यान दिनुपर्ने कुराहरु)

१. अनुदान तथा सेवा प्रवाह गराउन सकिने क्षेत्रहरूको यकिन गर्ने,
२. कार्यक्रमको नाम, सञ्चालन हुने क्षेत्र, अनुदान प्रतिशत र छनौट हुने सङ्ख्या समेत स्पष्ट खुलाई सार्वजनिक रूपमा सूचना प्रवाह गर्ने,



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

३. अनुदान प्रवाह हुने प्रत्येक कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्न एक-एक जना प्राविधिक कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्ने,

४. कार्यक्रमको प्रकृति अनुसार प्रस्ताव मूल्याङ्कनको विस्तृत अङ्कभार तयार गरी स्वीकृत गर्ने,

५. प्राप्त प्रस्तावहरूको प्राविधिक मूल्याङ्कन र प्रारम्भिक छनौटमा परेका प्रस्तावहरूको स्थलगत अनुगमन गरी सम्भाव्यताको प्रतिवेदन अनुसार छनौट गर्ने,

६. वैकल्पिक अनुदानग्राही सहित छनौट भएका अनुदानग्राहीको विवरण सार्वजनिक सूचना मार्फत प्रवाह गरी कम्तीमा एक हप्ताको गुनासो वा उजुरी गर्ने अवधि उपलब्ध गराउने,

७. कृषक पहिचान प्रणालीमा प्रविष्टी गर्ने,

८. यथार्थपरक लागत अनुमान तयार गरी अनुदानग्राहीसँग सम्झौता गर्ने र सम्झौतामा अनुदानमा खरीद भएका यन्त्र उपकरण, निर्माण भएका पूर्वाधार बिक्री गर्न नपाउने कुरा सुनिश्चत गर्ने,

९. कार्यक्रम सञ्चालनको कार्यादेश दिने,

१०. छनौट भएका अनुदानग्राहीहरूलाई अभिमुखीकरण गर्ने,

११. काम सम्पन्न गर्न उपयुक्त अवधि प्रदान गर्ने,

१२. जानकारीमूलक वोर्डको व्यवस्था गराउने,

१३. कार्यक्रम सञ्चालन अवधिमा प्राविधिक सहयोग आवश्यकता अनुसार निरन्तर उपलब्ध गराउने,

१४. कार्यक्रमको नियमित अनुगमन गर्ने,

१५. सम्भव भएसम्म कृषि, पशुपन्छी तथा जडिबुटी बीमा कार्यक्रममा जोडिन सहजीकरण गर्ने,

१६. सार्वजनिक परीक्षण गराउने,

१७. कार्यक्रम हेर्ने कर्मचारी (सम्पर्क व्यक्ति) ले कार्य सम्पन्न प्रतिवेदन तयारी गर्ने,

१८. भुक्तानी पूर्व भुक्तानी दिने आशयको सूचना दिने,

१९. बैंक खाता मार्फत मात्र भुक्तानी दिने,

२०. सिकाइहरूलाई समेट्ने, र

२१. संक्षिप्त रिपोर्ट तयार पारी सम्बन्धित निकायमा रिपोर्टिङ्ग गर्ने।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

४. प्राविधिक मापदण्डः

## क. गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम

### १. गरिब तथा विपन्न लक्षित वर्ग विशेष कृषि प्रवर्द्धन कार्यक्रम

१. प्राङ्गारिक उत्पादन, सामूहिक खेती तथा रोजगारी सृजनालाई प्राथमिता दिनु पर्नेछ।

२. कार्यविधिको न्यूनतम मापदण्डको बुँदा नम्बर ५ को व्यवस्थामा रहेको जनप्रतिनिधि भन्नाले प्रदेशसभाका माननीय सदस्यहरुलाई सम्झनुपर्दछ।

३. कार्यक्रम सञ्चालन क्षेत्र छनौट गर्दा सम्भव भएसम्म प्रदेश सभाका सबै निर्वाचन क्षेत्रहरुलाई समेट्नुपर्नेछ।

२. सम्बन्धित स्थानीय तहसँग समन्वय गरी देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ।

| | |
|---|---|
| कार्यालय प्रमुख | संयोजक |
| सम्बन्धित स्थानीय तहको प्रमुख/उपप्रमुख वा प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| अन्य कार्यालयका प्रमुख | सदस्य |
| लक्षित गाउँ टोलको वडा अध्यक्ष | सदस्य |
| कार्यालयको योजना शाखा प्रमुख | सदस्य सचिव |

स्पष्टीकरणः माथि उल्लिखित निर्देशक समितिमा "अन्य कार्यालयका प्रमुख" भन्नाले कृषि विकास कार्यालयबाट सञ्चालन गरिने कार्यक्रमको हकमा पशु अस्पताल तथा पशुसेवा कार्यालयका प्रमुख र पशु अस्पताल तथा पशुसेवा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा कृषि विकास कार्यालयका प्रमुख सम्झनुपर्छ।

उपर्युक्त समितिले कार्यक्रम स्थल छनौट गर्नु पर्ने हकमा सो छनौट गर्ने, आवश्यकता पहिचान, सम्भाव्यता विश्लेषण, व्यावसायिक योजना छनौट गर्ने, छनौट भएका योजनाहरूको स्वीकृति दिने, समन्वय गर्ने, अनुगमन सुपरीवेक्षण गर्ने, कार्यान्वयनको लागि सञ्चालक समितिलाई निर्देशन दिने कार्य गर्दछ।

३. छनौट गरिएको वडामा निम्न बमोजिमको वडा स्तरीय लक्षित वर्ग गाउँ टोल स्तरीय कार्यक्रम सञ्चालक समिति गठन गरिनेछ।

| | |
|---|---|
| लक्षित वर्गका लाभग्राहीहरूबाट सर्वसम्मत छनौट भएको व्यक्ति | अध्यक्ष |
| लक्षित वर्गका १ जना कृषक प्रतिनिधि | उपाध्यक्ष |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| लक्षित गाउँमा भएका सहकारी तर्फको १ जना प्रतिनिधि | सदस्य |
| लक्षित वर्गका लाभग्राहीबाट १ जना महिला कृषक प्रतिनिधि | सदस्य |
| लक्षित वर्ग लाभग्राहीबाट दलित प्रतिनिधि- १ जना | सदस्य |
| लक्षित वर्ग लाभाग्राहीबाट जनजाती, द्वन्दपिडित, सहिद परिवार वा अपाङ्गता प्रतिनिधि-१ जना | सदस्य |
| लक्षित वर्ग नमुना गाउँको कृषि वा पशुसेवा प्राविधिक कर्मचारी | सदस्य सचिव |

नोटः अध्यक्ष तथा उपाध्यक्षमध्ये एक जना महिला अनिवार्य

(द्रष्टव्यः कृषि विकास कार्यालयबाट सञ्चालित कार्यक्रममा कृषि सेवा प्राविधिक र पशु अस्पताल तथा पशु सेवा कार्यालयबाट सञ्चालित कार्यक्रममा पशु सेवा प्राविधिक सदस्य सचिव रहन सक्ने। उपर्युक्त समितिले छनौट गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरी नमुनाको रूपमा स्थापित गराउने, सरोकारवालाहरूको उपस्थितिमा योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने, सरोकारवाला निकायहरू र स्थानीय तहसँग कार्यकमको समन्वय गर्ने, कार्यक्रमको सम्झौता गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने, भुक्तानीको लागि कार्य सम्पन्न प्रमाणीकरण पेश गर्ने एवं निर्देशक समितिको निर्देशन बमोजिम कार्य गर्ने।

४. कार्यक्रम सञ्चालन गर्दा समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवबाट खाता सञ्चालन हुनेछ।

५. सञ्चालक समितिको निर्णय र निर्देशक समितिको सिफारिसमा रकम भुक्तानी हुनेछ।

## २. लोपोन्मुख तथा पिछडिएका वर्ग विशेष कार्यकम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

## ३. जनयुद्ध जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते/अपाङ्ग लक्षित आयआर्जन कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## ख. ब्याज अनुदान कार्यक्रम

### १. कृषि व्यवसायको लागि ब्याज अनुदान (सहकारी तथा बैंक मार्फत)

बैंक मार्फत सञ्चालन हुने ब्याज अनुदान कार्यक्रमको प्रक्रिया तथा मापदण्ड व्यावसायिक कृषि तथा पशुपन्छीपालन व्यवसायको लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६ बमोजिम हुने र प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्रका सहकारी मार्फत सञ्चालन हुने गत आर्थिक वर्षहरुमा सम्झौता भैसकेका कार्यक्रमको प्रक्रिया तथा मापदण्ड चालु आ.ब. को वार्षिक स्वीकृत कार्यक्रममा बजेट विनियोजन भएमा सहकारी संस्था मार्फत ब्याज अनुदान कार्यविधि, २०७७ बमोजिम सञ्चालन गर्नुपर्नेछ।

१. ब्याज अनुदानमा सहजीकरण कार्यको लागि सेवा परामर्श अन्तरगत प्राविधिक सहजकर्ताको परामर्श सेवा करारमा लिन सकिनेछ।

२. प्राविधिक सहजकर्ताबाट सेवा परामर्श लिदा कृषि विषय अध्ययन गरेको व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ।

३. प्राविधिक सहजकर्ताको कार्य सर्त विवरण तयार गरि नियमानुसार नियुक्ति दिन सकिनेछ।

## ग. कृषि यान्त्रिकिकरण कार्यक्रम

### १. कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम

१. यस कार्यक्रम अन्तरगत उपलब्ध गराईने यन्त्र उपकरणहरु वितरण हुने ठाउँको लागि उपयुक्त भएको विषय कार्यालयले यकिन गरेर मात्र यन्त्र उपकरण खरिद गर्न स्वीकृति प्रदान गर्नुपर्नेछ।

२. यस भन्दा पहिले वितरण भएका यन्त्र उपकरणहरुको लक्षित ठाउँमा भई राखेको उपयोगलाई समेत अध्ययन गरी निष्कर्षमा पुग्नु पर्नेछ।

३. लाभान्वित वर्ग:

३.१ व्यावसायिक कृषक पकेट क्षेत्र र कष्टम हायरिङ्ग सेन्टर स्थापना गर्ने योजना बनाएका समूह, सहकारी र निजी फर्मलाई प्राथमिकता।

३.२ नविनतम प्रविधिहरुको खोज अनुसन्धान गर्ने कृषकहरु।

३.३ व्यावसायिक पशुपालन, बजार योग्य पशुपन्छीजन्य उत्पादन गर्ने समूह, सहकारी र निजी फर्मलाई प्राथमिकता।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

३.४ मौसमी रोजगारीको लागि बाहिरिने सदस्यका परिवार।

४. न्यूनतम २ रोपनी जग्गामा खेती गरेको हुनुपर्ने।

५. जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए ५ वर्षको करारनामा हुनुपर्ने।

६. आधिकारिक सप्लायर्समा मेसिनरी पाटपुर्जा खरिद भएको हुनुपर्ने।

७. अनुदान रकममा अग्रिम सम्झौता भएको हुनुपर्ने।

८. उपभोक्ता कृषि र पशुपन्छीपालन व्यवसायमा संलग्न भएको हुनुपर्ने।

९. आधिकारिक सप्लायर्स कार्यालयमा सूचीकृत हुनुपर्ने।

## घ. स्याउ तथा ओखर विकास कार्यक्रम

१. स्याउ तथा ओखर विकास कार्यक्रम

कार्यविधिमा उल्लेख भएअनुसार सञ्चालन गर्नुपर्ने।

## ङ. कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम

१. कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका अनुसार सञ्चालन गरिने कार्यक्रम

कार्यविधिमा उल्लेख भए अनुसार सञ्चालन गर्नुपर्ने।

२. एक स्थानीय तह एक कृषि तथा पशुसेवा प्राविधिक सेवा कार्यक्रम

१. एक स्थानीय तह एक प्राविधिक व्यवस्थापन तथा परिचालन कार्यक्रम अन्तर्गत जिल्लाहरूमा विगत वर्षहरूदेखि नियुक्त भई परिचालन भइरहेका कृषि तथा पशु सेवा तर्फका एक स्थानीय तह एक प्राविधिकहरूको निरन्तरता यसै कार्यक्रम अन्तर्गत हुनेछ।

२. एक स्थानीय तह एक कृषि/पशुसेवा प्राविधिक (सहायकस्तर) पदमा सेवा करार गर्दा देहायको व्यक्ति नियुक्तिको लागि योग्य मानिनेछन्।

क) नेपाली नागरिक,

ख) १८ वर्ष उमेर पुरा भई ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको (गत आ.व. देखि कार्य गरिरहेको प्राविधिकको हकमा उमेर हद नलाग्ने),

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

ग) चौंथो तहको लागि प्राविधिक एस. एल. सी. (प्रवेशिका परीक्षा) वा सो सरह उत्तीर्ण गरेको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, र

ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

३. प्रमाणित हाजिरीको आधारमा सम्बन्धित कार्यालयले पारिश्रमिक भुक्तानी गर्नेछ।

४. प्राविधिकले तोकिएको स्थानीय तह भित्रका कृषकहरूलाई प्राविधिक सेवा प्रदान गरी सो को मासिक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ।

५. प्राविधिक खटाउँदा स्थानीय तहसँगको समन्वयमा कार्यालयले खटाउनेछ।

**३. स्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण (बाली, फलफूल, नर्सरी, च्याउ, पशुपन्छी, मत्स्य लगायत)**

१. यस कार्यक्रमका लागि छनौट गरिएका स्रोतकेन्द्रहरूसँग कार्यालयले दुवै पक्षबाट उपलब्ध गराउनुपर्ने सेवा, सुविधा, दायित्व स्पष्ट खोलेर सम्झौता गर्नुपर्नेछ।

२. सम्झौता गर्नुपूर्व स्रोतकेन्द्रहरूको विस्तृत कार्य योजना, क्षमता विकासका कार्यक्रमहरू र समयावधि खोलेर तयार गर्नुपर्ने छ। वार्षिक कार्यक्रममा कार्ययोजनामा उल्लेख भएका गतिविधिहरू समेटेर कार्यान्वयन गर्नुपर्नेछ।

३. यसरी स्थापना गरिने स्रोतकेन्द्रहरूबाट उत्पादन हुने उत्पादन सामग्रीहरूको उपयोगलाई जिल्लाभित्र सञ्चालन हुने कार्यक्रममा प्राथमिकता दिनुपर्नेछ।

४. खाद्यान्नबालीको बीउ उत्पादन स्रोत केन्द्र स्थापना गर्दा कम्तीमा पनि ५ हेक्टर र तरकारी बालीमा १ हेक्टर क्षेत्रफलमा बिजवृद्धि कार्यक्रम सञ्चालन गरेको हुनुपर्नेछ।

५. बीउ चुट्ने, सुकाउने आँगन, बीउ ग्रेडिङ्ग, लेबलिङ्ग र प्याकिङ्ग गर्ने मेसिन जडान भएको हुनुपर्नेछ।

६. स्रोत केन्द्र स्थापना गर्नका लागि छनौट भएको समूह, सहकारी र फर्मले सम्बन्धित विषयमा कम्तीमा डिप्लोमा तह शैक्षिक योग्यता भएको कर्मचारी वा सञ्चालक राख्न सक्नेछ अथवा स्रोतकेन्द्र सञ्चालनका लागि आवश्यक प्राविधिक सेवाको सुनिश्चितता गर्नुपर्नेछ।

७. फलफूल बिरुवाको गुणस्तर मापदण्ड

७.१ बिक्री गर्ने फलफूल बिरुवाको गुणस्तर मापदण्ड



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

क. रोग किरा रहित स्वस्थ तथा गुणस्तरीय बिरुवा हुनुपर्ने।

ख. उन्नत जातका बिरुवालाई प्राथमिकता दिनुपर्ने र जातीय शुद्धता भएको बिरुवा हुनुपर्ने।

ग. कलमी प्रविधि उपयुक्त हुने फलफूल बालीमा कलमी गरिएको बिरुवालाई प्राथमिकता दिनुपर्ने।

घ. सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टेजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको बिरुवा हुनुपर्ने।

ङ. नियन्त्रित जालीघर भित्र उत्पादित सुन्तलाजात फलफूल बिरुवालाई प्राथमिकता दिनुपर्ने।

च. स्याउको बिरुवाको हकमा क्राउन गल रोग तथा सानजोस स्केल किरा नभएको हुनुपर्ने।

७.२. माउबोटको गुणस्तर

- माउबोटको स्रोत खुलेको हुनुपर्ने।
- रोग किरा नलागेको हुनुपर्ने।
- जात छुट्याएर ट्यागिङ गरिएको हुनुपर्ने।
- सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टेजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको बिरुवा हुनुपर्ने।
- सुन्तलाजात फलफूलको हकमा हरेक दुई वर्षमा सायन लिनु अघि पि. सि. आर. परीक्षण वा इन्डेक्सिङ गरी सिट्रस ग्रिनिङ्ग (HLB) र इलाईजा (ELISA) टेस्ट गरी सिट्रस ट्रिष्टेजा भाइरस (CTV) मुक्त छ भने मात्र सायन लिनुपर्ने।

७.३ फलफूल बिरुवाको मापदण्ड सम्बन्धि निर्देशिका वा मापदण्ड बनेको अवस्थामा सोही अनुसार हुने।

८. मौरी पालक समूह, सहकारी तथा निजी फर्ममा आवद्ध कृषक व्यवसायीसँग कम्तीमा पनि ५०० घार, घार बनाउने उद्योग र मह प्रशोधनका लागि औजार उपकरण भएको हुनुपर्नेछ।

९. चरन क्षेत्रको लागि नजिकको स्थानीय जंगल वा निजी जंगलमा कम्तीमा ५०० फूलफुल्ने जातका बिरुवा लगाएको हुनुपर्नेछ।

१०. च्याउको बीउ स्रोत केन्द्रमा Standard Laboratory वा ताजा च्याउ उत्पादक कृषक समूह, सहकारी र निजी



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

फर्मले कम्तीमा दुई जातको स्पान तथा ताजा च्याउ उत्पादन सुरुवात गरेको हुनुपर्नेछ।

११. दुग्ध उत्पादनका लागि पालिने गाई, भैंसी र चौरीहरुमा Health standard सहितको कम्तीमा पनि ५० वटा दुध दिने बयस्क हुनुपर्नेछ। साथै भेडा, बाखा र च्याङ्ग्राका लागि कम्तीमा १५० वटा बयस्क हुनुपर्दछ।

१२. बंगुर पालन कृषक तथा समूह सहकारीमा र निजी फर्ममा आबद्ध कृषकले कम्तीमा पनि ५० भुनि र ५ बिरे बंगुर हुनुपर्नेछ।

१३. लोकल तथा उन्नत जातका कुखुरा पालन गर्ने समूह, सहकारी तथा निजी समूहमा आबद्ध कृषकले कम्तीमा पनि १००० वटा माउ र १०० वटा भाले पालन गरी आफ्नै २००० अण्डा कोरल्ने क्षमताको Hatching machine हुनुपर्नेछ।

१४. रेन्वो ट्राउट माछा पालनको लागि एक रोपनी क्षेत्रफलमा जलासय भएको र भूरा उत्पादनको लागि आवश्यक पर्ने Breeding pond, Hatching Hapa and Circulatory tank हुनु पर्नेछ, साथै माछालाई आवश्यक पर्ने दानाको लागि आफ्नै सानो दाना उद्योग समेत हुनुपर्नेछ।

१५. सञ्चालित क्रियाकलापबाट रोजगारी सृजना भई लाभग्राहीको ज्ञान, सीप र धारणामा सकारात्मक परिवर्तन आउने खालका कार्यक्रम तय हुनु पर्दछ, साथै उक्त क्रियाकलाप सञ्चालन पश्चात लाभग्राहीको शैक्षिक, सामाजिक र आर्थिक अवस्थामा सकारात्मक परिवर्तनको प्रत्यक्ष अनुभुति हुनुपर्नेछ।

१६. प्रजनन माउ बाख्रामा हुनुपर्ने गुणहरू:

क. दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने,

ख. माउ बाख्राको माउ र बाउको बीच नाता नभएको हुनुपर्ने,

ग. पहिलो पटक ब्याउने उमेर बढीमा १७ महिनासम्म हुनुपर्ने,

घ. दुई वर्षमा ३ पटक ब्याउने बिशेषता भएको हुनुपर्ने,

ङ. बाख्राको जात अनुसारको जातीय गुण प्रष्ट देखिने हुनुपर्ने,

च. राम्रो दुध उत्पादन तथा पाठापाठी हुर्काउनसक्ने क्षमता भएको, लामो खुट्टा, छिनो आकारको शारिरीक वनावट तथा कल्चौंडो र थुन मिलेको हुनुपर्ने,

छ. शारिरीक वनावटमा कुनै खोट नभएको, प्रजनन तथा अन्य रोग नभएको हुनुपर्ने, र

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

ज. स्थानीय हावापानी सहन सक्ने र स्थानीयरूपमा उपलव्ध घाँसपात उपयोग गर्ने खालको हुनु पर्दछ।

१७. प्रजनन बोकामा हुनुपर्ने गुणहरू:

क. दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने,

ख. बोकाको माउ र बाउको बीच नाता नभएको हुनुपर्ने,

ग. राम्रो दुध दिने माउवाट जन्मेको हुनुपर्ने,

घ. आफ्नो दौंतरीहरूको भन्दा बढी शारिरीक वृद्धि दर भएको हुनुपर्ने,

ङ. बाख्राको जात अनुसारको जातीय गुण प्रष्ट देखिने हुनुपर्ने,

च. दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने,

छ. फुर्तिलो, दानापानी रूचाएर खाने, छाला, रौं सफा र चम्किलो, उमेर अनुसार शारिरीक वृद्धि भएको हुनुपर्ने,

ज. चौडा छाती, सिधा तथा बलियो खुट्टा र टाउको तथा गर्दनको अनुपात मिलेको शरिर हुनुपर्ने, र

झ. प्रजनन समबन्धी रोग तथा अन्य रोगहरूबाट मुक्त हुनुपर्ने।

१८. यस अन्तर्गत सञ्चालन गरिने अन्य प्रमुख कार्यक्रमहरू:

क. मुर्रा, सियाल/ राँगा/ भैंसी खरिद,

ख. उन्नत जातको भेडा खरिद,

ग. बाख्रा स्रोत केन्द्र स्थापना,

घ. चौरी स्रोत केन्द्र स्थापना,

ङ. भेडा स्रोत केन्द्र स्थापना,

च. च्याङ्ग्रा स्रोतकेन्द्र स्थापनाका लागि बीउ पशु खरिद, कर्मचारी व्यवस्थापन तथा सञ्चालन निरन्तरता,

छ. DPR अनुसार स्रोतकेन्द्र स्थापना तथा सञ्चालन (गाई, भैंसी, भेडा, बाख्रा तथा चौरी),

ज. उन्नत घाँसको बीउ बिजन, वेर्ना उत्पादन स्रोतकेन्द्र स्थापना, र

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

झ. स्रोतकेन्द्र स्थापना (माथि उल्लिखित बाहेक सम्भाव्य अन्य पशुपन्छीहरु)।

**४.कार्यगत अनुसन्धान (एक्सन रिसर्च), प्रविधि प्रदर्शन, बीउ उत्पादन, नमुना प्रदर्शन र अन्वेषण क्रियाकलाप कार्यक्रम**

१. कृषि प्राविधिकहरूको सकृयतामा स्थानीय समुदायको पहुँच पुग्ने र अन्य क्षेत्रमा समेत प्रसार योग्य हुने विषयमा केन्द्रित रहेर कृषि प्राविधिकको अगुवाइमा कार्यगत अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।

२. कार्यगत अनुसन्धान गर्दा स्थानीय रूपमा विकास गरिएको, स्थानीय वातावरण अनुकूल हुने र स्थानीय कृषकहरूको जिविकोपार्जन सुधारमा सहयोगी हुने खालको विषय हुनुपर्दछ।

३. अनुसन्धान कार्य सञ्चालन गर्नु अघि अनुसन्धानको विषय, प्रकृया, तथ्याङ्क सङ्कलन प्रकृया, भूमिका, अवधि, स्थान, संलग्नता र बजेटको विस्तृत खाका तयार पारी मन्त्रालयबाट अनुमति लिनुपर्नेछ।

४. कार्यगत अनुसन्धान सञ्चालन गर्दा नेतृत्व लिने प्राविधिक, संलग्न हुने अन्य प्राविधिक र संस्थाहरूको प्रतिनिधिबाट टिम गठन गरिनेछ। यसरी टिम बनाउँदा जिल्लामा अनुसन्धान केन्द्रहरू भएको अवस्थामा अनुसन्धान केन्द्रका प्रतिनिधिलाई पनि सामेल गराउनु पर्नेछ।

५. प्रविधि प्रदर्शन तथा नमुना प्रदर्शन गर्दा स्थानीयस्तरमा उपलब्ध हुने स्रोतको समुचित परिचालन गरिनुपर्दछ।

६. तुलनात्मक रूपमा सस्तो र कम खर्चिलो नमुना प्रदर्शन गरिनु पर्दछ।

७. स्थानीय अन्वेषण कार्यले कृषक समुदायको विद्यमान समस्या समाधान गर्न पूर्ण सहयोगी हुनुपर्दछ।

८. सामाजिक ज्ञानको सीप परीक्षण गर्दा सामाजिक दृष्टिले स्वीकार्य र प्राविधिक दृष्टिले सबल प्रविधिहरू हुनुपर्दछ।

९. कृषि प्राविधिकको अगुवाइमा हुने बीउ उत्पादन कार्यबाट जिल्लामा गुणस्तरीय बीउ उत्पादन गराई स्थानीय कृषक समूह/ सहकारी/ फर्मकिन्द्रहरू स्रोतकेन्द्रको रूपमा समेत स्थापित हुन सक्नेछ।

१०. कार्यक्रम सञ्चालन पश्चात कार्यक्रमको समग्र प्रभाव र सिकाइहरू सहितको विस्तृत प्राविधिक रिपोर्ट तयार पारी प्रकाशन गर्नुपर्दछ।

११. कार्यगत अनुसन्धानको विस्तृत प्राविधिक प्रतिवेदनलाई रिसर्च आर्टिकलको रूपमा प्रकाशन गर्न प्रोत्साहित गरिनेछ।

१२. कृषि क्षेत्रमा अध्ययनरत विद्यार्थी, कृषि व्यवसाय सञ्चालक फर्म/कम्पनी/समूह/सहकारी/ कृषि क्षेत्रका सरकारी तथा गैर सरकारी कार्यालय, सरकारी तथा गैर सरकारी अनुसन्धान केन्द्र र विश्वविद्यालय बाट



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

नयाँ प्रविधि, अवधारणा र सोच (Idea) अनुसार अनुसन्धानको लागि प्रस्ताव पेश भएमा सो को उपयुक्तता हेरी अन्ववेषण कार्य सञ्चालन गर्ने।

१३. अन्वेषण कार्यमा प्राप्त प्रस्तावहरु कर्णाली प्रदेशको प्राङ्गारिक कृषि प्रवर्द्धनमा टेवा पुऱ्याउने किसिमको हुनुपर्नेछ।

### ५. नवीनतम प्रविधिमा आधारित कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम (नयाँ प्रविधिको ठूलो क्षेत्रमा विस्तार गर्नका लागि)

१. नविनतम प्रविधिको विकासका लागि बातानुकुलित वा सामान्य प्लाष्टिक घर निर्माण गर्दा न्युनतम ९० ग्राम/वर्ग मिटर को यु.भी. सिल्पोलिन प्लाष्टिक प्रयोग गरेको कम्तीमा ६X१२ वर्ग मिटर घर बनाउनु पर्ने,

२. व्यावसायिक रुपमा फार्म सञ्चालन गर्ने तथा लागत सहभागिता बढी गर्ने किसानलाई प्राथमिकता दिईने,

३. कार्यालयबाट पकेट प्राथमिकता परेका बाली वस्तुलाई विशेष प्राथमिकता दिएको हुनुपर्ने,

४. नयाँ बाली वस्तुको गुणस्तरिय उत्पादन तथा तिनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारिकरणको प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने कार्यलाई प्राथमिकता दिनुपर्ने,

५. आधुनिक उत्पादन संरचना, मेसिन तथा औजार उपकरणको प्रयोगमा जोड दिएको हुनुपर्ने,

६. मन्त्रालयले परिभाषित गरेको जातिय गुणको बीउ, बेर्ना, बिरुवा हुनुपर्ने,

७. सूचीकृत नर्सरीबाट विरुवा खरिद गर्नु पर्ने साथै किवीको हकमा कलमी बिरुवा अनिवार्य हुनुपर्ने,

८. मन्त्रालय र मातहतका कार्यालयहरुबाट कुनै नयाँ प्रविधिको लागि प्रदर्शन गर्नु परेमा अगुवा कृषक/प्रविधि उपयोग गर्ने लक्षित वर्ग/कार्यालय हाता भित्र/माग गर्ने समूह/सहकारी/कृषक वा कार्यालयबाट फिल्ड अनुगमनका क्रममा अन्य कुनै समूह/सहकारी/निजी फर्मसगँको साझेदारीमा सञ्चालन गर्न आवश्यकता महशुस भएमा पनि यो कार्यक्रम सञ्चालन गर्न सकिने,

आयातित बिरुवाको लागि मन्त्रालयसगँ समन्वय गरी प्रदर्शन गर्न सकिने।

### ६. मुख्यमन्त्री उत्कृष्ट कृषक/कृषि प्राविधिक पुरस्कार

१. जिल्लास्तरमा कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन र व्यवस्थापनको लागि समन्वय समिति रहनेछः

| | |
|---|---|
| संयोजक | जिल्ला समन्वय समितिका प्रमुख वा निजले तोकेको समिति सदस्य |
| सदस्य | प्रमुख, कृषि विकास/पशु अस्पताल तथा पशु सेवा कार्यालय |
| सदस्य | प्रमुख, परियोजना कार्यान्वयन एकाइ (PMAMP) |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

सदस्य अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति

सदस्य सचिव प्रमुख, कृषि विकास/पशु अस्पताल तथा पशु सेवा कार्यालय

२. जिल्लास्तर प्राविधिक उप समितिः

संयोजक अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति

सदस्य प्राविधिक प्रतिनिधि, कृषि विकास/पशु अस्पताल तथा पशु सेवा कार्यालय

सदस्य सचिव प्राविधिक प्रतिनिधि, कृषि विकास/पशु अस्पताल तथा पशु सेवा कार्यालय

३. समितिले अनुसूची २ र ३ मा रहेको फाराममा पेश भएका विवरणलाई समेत आधार मानी मूल्याङ्कन मापदण्ड तय गरी छनौट गर्नुपर्नेछ।

४. जिल्लास्तरमा पुरस्कृत कृषकको निवेदन, पेश गरिएको फाराम, मूल्याङ्कन मापदण्ड, मूल्याङ्कन नतिजा सहित वैठकको मईन्युटको प्रतिलिपि सहित प्रदेशस्तर पुरस्कारका लागि मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्नेछ।

५. कार्यक्रममा सहभागिताका लागि न्यूनतम सङ्ख्या वा क्षेत्रफलः

| सि.नं. | बाली वस्तुको किसिम | न्यूनतम क्षेत्रफल/ सङ्ख्या |
|---|---|---|
| १. | खाद्यान्न बाली, फलफूल, तरकारी, आलु, मसलाबाली र घाँस खेती | ५ रोपनी |
| २. | सघन खेती गरिएको फलफूल | २.५ रोपनी |
| ३. | सिताके च्याउ | ५०० मुढा |
| ४. | कन्ये च्याउ | वार्षिक एक हजार गोलामा खेती |
| ५. | गाई/भैंसीपालन | पाँच दुधालु उन्नत गाई/भैंसी |
| ६. | बाखा, च्याङ्ग्रा र भेडा | ५० वटा |
| ७. | पन्छीपालन | लेयर्सः एक हजार<br>ब्रोइलरः पच्चीस सय<br>स्थानीयः पाँच सय<br>टर्कीः पचास<br>अन्य पन्छी दुई सय पचास |
| ८. | मौरीप लन | ५० घार |
| ९. | माछापालन | कार्पः एक रोपनी जलासय |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | | |
|---|---|---|
| | | रेन्बो ट्राउटः एक सय वर्ग मिटर |
| १०. | बंगुर | २० वटा माउ/भाले |

नोटः उपर्युक्त बाहेकका कुनै जिल्लाहरमा कुनै कृषकले थप नयाँ उत्कृष्ट व्यवसाय (कृषि तथा पशुपन्छी पालनमा) गरेको रहेछ भने केही आधारहरू तय गर्नु पर्ने अवस्था आएमा जिल्लास्तर कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन, व्यवस्थापन समन्वय समितिको बैठकबाट निर्धारण गर्न सकिनेछ र सो को पुष्टयाइँ संलग्न राखी पठाउनु पर्नेछ।

७. व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन

१. बजेट सीमित भएको अवस्थामा सबैभन्दा बढी रोजगारी सृजना गर्ने एवं लगानी रोजगारीको अनुपात पनि कम भएकालाई प्राथमिकता दिईनेछ,

२. सम्बन्धित बाली वस्तु उत्पादन, बजारीकरण तथा कृषि उद्यम सञ्चालनले गर्दा सृजना गरेको रोजगारीलाई आधार मानी प्रोत्साहन उपलब्ध गराईनेछ,

३. कारोबारको आधारमा बाली वस्तुहरू तथा पशुपन्छीमा आधारित बढी कारोवार गर्ने कृषिजन्य व्यापार गर्ने सेवा प्रदायकहरू, र

४. दुग्ध उत्पादनमा प्रोत्साहन सहयोग लिनका लागि कार्यविधिको न्यूनतम मापदण्डको हकमा बुँदा नम्वर ६ अनुसार मात्र कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

८. कृषि मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन

१. कृषि प्रदर्शनी कार्यक्रममा सहयोग उपलव्ध गराउनु अघि आयोजकले कार्यालयसँग लिखित सम्झौता गर्नुपर्दछ,

२. स्थानीयस्तर र जिल्लास्तरको मेला महोत्सव आयोजक कमिटीमा कृषि विकास कार्यालय/ पशु अस्पताल तथा पशुसेवा कार्यालयको प्रतिनिधि र प्रदेशस्तरमा आयोजना गरिने मेला महोत्सव आयोजक कमिटीमा मन्त्रालयको प्रतिनिधि राख्नुपर्नेछ,

३. मेला आयोजकले कृषि वस्तुको प्रदर्शन गर्न उपयुक्त हुने गरी लेआउट मिलाउन प्राथमिकता दिनु पर्नेछ,

४. कृषकहरूलाई आवश्यक सङ्ख्यामा स्टल उपलव्धता गराउनु पर्नेछ, र

५. पुरस्कार दिंदा नगद पुरस्कार दिनु भन्दा पुरस्कृत कृषक र व्यवसायको प्रकृतिको आधारमा उपयुक्त हुने गरी कृषि सामग्री, औजार उपकरणहरू तथा व्यवसायमा प्रयोग हुने सामग्रीहरू उपलव्ध गराउनु पर्नेछ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

९. प्राविधिक विद्यालय मार्फत प्रविधि प्रसार तथा सिक्दै कमाउदै कार्यक्रम

१. मूल्याङ्कनका आधारहरू:

| आधारहरू | अङ्कभार |
|---|---|
| विद्यालयसंग उपलव्ध भौतिक स्रोत साधन | २० |
| विद्यालयसँग उपलव्ध कृषि पशु विषयसँग सम्बन्धित प्रशिक्षक | १५ |
| प्रस्तावित कार्यक्रमको औचित्यता, लागत, साझेदारी, प्रतिफल लगायतका सूचकहरू | १५ |
| कार्य सम्पन्न गर्न सक्ने आधारहरू | १५ |
| विद्यालयका अध्ययनरत विद्यार्थी संख्या | २० |
| प्रयोगात्मक प्रशिक्षणका लागि उपलव्ध स्रोत र साधनहरू | १५ |

नोटः मूल्याङ्कन समितिले माथि उल्लेखित आधारहरू बाहेक अन्य आधारहरू तय गरेर प्रस्ताव छनौट गर्न सक्नेछ।

२. स्वीकृत परियोजना सम्बन्धी कामको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलव्धी सहितको विवरण विद्यालयको सूचनापाटी र कार्यक्रम स्थलमा होर्डिंग बोर्ड बनाई राखुपर्नेछ।

३. विद्यालयले कार्यक्रमको सम्पूर्ण कार्यको अभिलेख राख्नुपर्नेछ।

१०. कृषिजन्य बाली वस्तुहरूमा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम

१. प्राकृतिक प्रकोपबाट विगत वर्षहरूमा क्षति पुगेका क्षेत्र र बालीहरू,

२. उच्च मूल्यका बालीहरू, खाद्य सुरक्षा प्रदान गर्ने बालीहरू, स्थानीय र रैथाने बाली तथा वस्तुहरू, व्यावसायिक उत्पादनका बाली तथा वस्तुहरू, आय आर्जन हुने प्रमुख बाली तथा वस्तुहरू, भौगोलिक विशिष्टता र पहिचान स्थापित भएका बाली तथा वस्तुहरू, आयात प्रतिस्थापन गर्न सकिने बाली तथा वस्तुहरू, निर्यातजन्य बाली तथा वस्तुहरू, र

३. आधिकारिक निकायबाट रोग, किरा र महामारीबाट सम्भावित क्षति आँकलन गरिएको अवस्था विद्यमान भएको।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

११. राहत वितरण कार्यक्रम

१. कार्यविधि स्वीकृति हुनु पूर्व भएको क्षतिको रेकर्ड प्रमाणित भई कार्यालयमा पेश भइसकेको अवस्थामा राहत कार्यक्रममा समेट्न सकिनेछ,

२. कार्यविधिमा तोकिएको बाहेकमा सरकारी र स्थानीय तहको दररेट अनुसार लागत रकम तय गरिनेछ,

३. क्षति भएको क्षेत्रफल र सङ्ख्या, प्रहरी मुचुल्का र स्थलगत अनुगमनका आधारमा यकिन गरिनेछ,

४. प्रकोपबाट कृषि क्षेत्रमा क्षति पुगेको संस्था, फर्म, समुदाय, व्यक्ति वा निजको परिवारलाई मात्र राहत रकम उपलब्ध गराइनेछ,

५. प्रकोपबाट क्षति पुगेको जानकारी पिडितले तुरून्त नजिकको प्रहरी कार्यालय वा सम्बन्धित कृषि विकास कार्यालय वा पशु अस्पताल तथा पशु सेवा कार्यालयमा जानकारी गराउनु पर्नेछ,

६. सम्बन्धित कार्यालयले प्राविधिक खटाइ स्थानीय तहको सहयोगमा यथासम्भव छिटो प्रभावित क्षेत्रमा निरीक्षण गराउनु पर्नेछ,

७. सङ्घीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत अनुदान प्राप्त व्यक्ति वा फर्मलाई दोहोरो पर्ने गरी राहत रकम उपलब्ध गराइने छैन, र

८. रकम भुक्तानी प्रकृयाको क्रममा वा भुक्तानी भइसकेपछि झुठा ठहरिएमा रकम रोक्का राखीने वा सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ।

९. **राहत कार्यक्रम व्यवस्थापन समितिः**

| | |
|---|---|
| सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| निर्देशक, पशुपन्छी विकास निर्देशनालय | सदस्य |
| प्रमुख, प्रशासन तथा सहकारी महाशाखा | सदस्य |
| प्रमुख, कृषि विकास महाशाखा | सदस्य |
| प्रमुख, पशुपन्छी विकास महाशाखा | सदस्य |
| प्रमुख, भूमि व्यवस्था तथा भूमि स्रोत नक्शाङ्कन महाशाखा | सदस्य |
| प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| प्रमुख, योजना महाशाखा | सदस्य सचिव |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली

१०. राहत कार्यक्रम कार्यान्वयन समितिः (कृषि)

| | |
|---|---|
| क. निर्देशक, कृषि विकास निर्देशनालय | संयोजक |
| ख. प्रमुख, कृषि विकास महाशाखा | सदस्य |
| ग. आर्थिक प्रशासन प्रमुख वा प्रतिनिधि, | सदस्य |
| घ. संयोजकले तोकेको अधिकृत | सदस्य |
| ङ. बाली संरक्षण अधिकृत | सदस्य सचिव |

११. राहत कार्यक्रम कार्यान्वयन समितिः (पशुपन्छी)

| | |
|---|---|
| क. निर्देशक, पशुपन्छी विकास निर्देशनालय | संयोजक |
| ख. प्रमुख, पशुपन्छी विकास महाशाखा | सदस्य |
| ग. आर्थिक प्रशासन प्रमुख वा प्रतिनिधि, | सदस्य |
| घ. सम्बन्धित विषय विज्ञ | सदस्य |
| ङ. पशु विकास अधिकृत | सदस्य सचिव |

१२. राहत वितरण तथा सिफारिस समितिः

| | |
|---|---|
| क. प्रमुख, सम्बन्धित कृषि विकास कार्यालय वा पशु अस्पताल तथा पशु सेवा कार्यालय | संयोजक |
| ख. प्रतिनिधि, प्रदेश लेखा एकाइ कार्यालय | सदस्य |
| ग. सम्बन्धित स्थानीय तहको कृषि वा पशु सेवा प्राविधिक | सदस्य |
| घ. सम्बन्धित विषयको प्राविधिक | सदस्य |
| ङ. प्रमुख, कृषि प्रसार शाखा वा पशु विकास शाखा | सदस्य सचिव |

१२. प्लाण्ट क्लिनिक

१. जिल्लाका पकेट क्षेत्रलाई समेट्ने गरी सञ्चालन गर्नुपर्ने,

२. कृषि विकास कार्यालय र सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्ने,



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

३. रासायनिक विषादीको अत्यधिक प्रयोग भएको स्थानलाई प्राथमिकता दिनुपर्ने,

४. समाधानका उपायहरू कृषकहरूलाई लिखितरूपमा वा यथासक्य छिटो उपलव्ध गराउनु पर्ने,

५. बाली उपचार शिविरमा सहभागी कृषकले दैनिक भ्रमण भत्ता, होटल वास खर्च र खाजा खर्च पाउने छैनन्, र

६. यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था पनि हुने छैन।

## १३. माटो परीक्षण मार्फत माटो स्वास्थ्य कार्ड वितरण कार्यक्रम

१. व्यावसायिक फलफूल बगैंचा, ब्लक र पकेट कार्यक्रमहरू सञ्चालित क्षेत्रहरूको माटो परीक्षणमा प्राथमिकता दिने,

२. माटो परीक्षण पश्चात स्थानीय तह र सरोकारवालाहरूको समन्वयमा स्वास्थ्य कार्ड वितरण गर्ने,

३. स्वास्थ्य कार्डको नियमित अनुगमन गर्ने,

४. माटोको स्वास्थ्य कार्डको अभिलेखीकरण गर्ने।

## १४. दिवस, सप्ताह, समारोह

१. कार्यक्रम अवधिभर प्रविधि प्रदर्शनी, कृषि प्रसार सामाग्री वितरण, जनचेतनामूलक कार्यक्रम, प्रतिसपर्धा, अत्यावश्यक सामाग्री सहयोग, प्राविधिक सेवा प्रदान, बहस, कार्यपत्र प्रस्तुति, र्‍याली, सभा सञ्चालन आदि गरिने,

२. दिवस, सप्ताह तथा शिविरमा अन्य संघसंस्था, कृषक समूह, कृषि सहकारीसँग समन्वयमा सञ्चालन गर्न प्रोत्साहन गरिने,

३. पशु स्वास्थ्य शिविर, एककालिन कृत्रिम गर्भाधान शिविर, बाँझोपन निवारण शिविर, रेविज रोग नियन्त्रण शिविर, जुनोटिक रोग नियन्त्रण शिविर, पशु वन्ध्याकरण शिविर लगायतका अन्य शिविरहरू सन्चालन गरिने।

४. विषय विशेषज्ञ रहित शिविर सञ्चालन गर्दा कार्यविधिको व्यवस्था बमोजिम अधिकतम एक लाख पचास हजार रुपैंया सम्म खर्च गर्न सकिने छ।

## १५. कृषि सूचना प्रवाह

कार्यविधिमा भएको व्यवस्था बमोजिम हुने।

## १६. स्थलगत घुम्ती तालिम कार्यक्रम

१. तालिम सञ्चालन गर्दा कृषक समूह, कृषि सहकारी, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्थानीय तह



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

र कृषि विकास कार्यालयसँग समन्वय गरी सञ्चालन गरिनेछ,

२. एक प्याकेज कार्यक्रममा २० देखि २५ जना अगुवा कृषकहरूलाई समावेश गरिनेछ, र

३. घुम्ती तालिम १ दिनको हुनेछ।

### १७. ऐनले तोकिएका कार्यक्रमहरु

कार्यविधिमा भएको व्यवस्था बमोजिम हुने।

### १८. म्युजियम व्यवस्थापन कार्यक्रम

१. कर्णाली प्रदेश भित्रको कृषि क्षेत्रमा बढी हानि नोक्सानी पुऱ्याउने रोग किराहरूको नमुनाहरू सङ्कलन गर्ने,

२. सङ्कलित नमुना सुरक्षित तवरले संरक्षण गर्ने,

३. रोग किराको नमुनालाई प्रयोगशालामा म्यूजियम बनाएर संरक्षण गर्ने,

४. नमुना संरक्षण गर्दा उपयुक्त लेवलिङ्ग, पिनिङ्ग पोजिशन मिलाएर आकर्षकरूपमा डिस्प्ले गर्ने, र

५. मेला महोत्सवमा यस्ता सङ्कलित रोगकिराको नमुनालाई डिस्प्ले गर्न उपयुक्त हुनेगरी बक्स बनाउनु पर्ने।

### १९. आइ.पि.एम. प्रविधि प्रदर्शन कार्यक्रम

१. प्रदर्शन स्थल कम्तीमा १ रोपनी क्षेत्रफलमा सञ्चालन गर्ने,

२. प्रदर्शन सञ्चालन गर्दा कृषक समूह, कृषि सहकारी, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्थानीय तह र कृषि विकास कार्यालयसँग समन्वय गरी सञ्चालन गरर्ने,

३. प्रदर्शन स्थलमा राखीने बोर्डमा कृषकको नाम, ठेगाना र प्रदर्शनमा अपनाइएका सबै गतिविधिहरू उल्लेख गर्ने,

४. खाद्यान्न, तरकारी तथा फलफूल बालीका पकेट क्षेत्रहरू र अर्गानिक क्षेत्रमा यी प्रदर्शन कार्यक्रम सञ्चालन गर्ने, र

५. प्रदर्शन स्थलमा कृषक समूह, सहकारीका सदस्यहरूलाई अवलोकन गराइ प्रविधि हस्तान्तरण गर्ने व्यवस्था मिलाउने।

### २०. विषादीको नकारात्मक प्रभाव सम्बन्धी होर्डिङ बोर्ड स्थापना कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

१९

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

## २१.च्याउको स्पान उत्पादन कार्यक्रम

१. अनुभवी, व्यावसायिक योजना र न्यूनतम पूर्वाधार हुनुपर्ने,

२. स्पानको प्याकेट २५० ग्रामको हुनुपर्ने,

३. कम्तीमा कन्ये च्याउको स्पान उत्पादन गर्नुपर्ने,

४. वाह्य वातावरणको तापक्रम ढुसी उत्पादनको लागि २२ देखि २५ र च्याउ उत्पादनको लागि २० देखि ३० डिग्री सम्म अनुकूल हुने गरी च्याउ स्पान उत्पादन गर्ने।

## २२.कीटवक्स विधिद्धारा माटो परीक्षण शिविर सञ्चालन तथा माटो व्यवस्थापन तालिम कार्यक्रम

१. कृषक आफैले ल्याएको वा प्रदेश स्तरीय कृषकसँग सम्बन्धित कुनै सरकारी कार्यालय वा सरकारी स्वामित्व रहेका स्थानहरुवाट आएका नमुना विश्लेषण शुल्कमा ७५ प्रतिशत छुट हुनेछ।

२. अध्ययन, अनुसन्धान कार्यका लागि विद्यार्थी वा विश्वविद्यालयका सम्बन्धित अध्येताले अध्ययन केन्द्र विद्यालयको सम्बन्धित विभागले सिफारिस पत्र पेश गरेमा नमुनाको विश्लेषण शुल्कमा ५० प्रतिशत छुट हुनेछ।

३. प्रयोगशालाबाट जम्मा भएको राजस्व रकम राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

४. माटो परीक्षण शिविर दुई दिन सञ्चालन हुनेछ।

५. पहिलो दिन किटबक्स विधिद्वारा माटोको कम्तीमा १०० वटा नमुना परीक्षण गर्ने र दोस्रो दिन माटो व्यवस्थापन तालिम र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नेछ।

६. माटो परीक्षण शिविरमा पि.एच र एन.पि.के. परीक्षण गर्नेछ।

## २३.घुम्ती प्रयोगशाला (मोवाईल भ्यान) मार्फत माटो शिविर सञ्चालन कार्यक्रम

१. घुम्ती प्रयोगशालाबाट माटो परीक्षण शिविरको अवधि स्थान, सेवाग्राही कृषकको चाप र उपलव्ध साधन स्रोतको आधारमा तोक्न सकिनेछ।

२. मोवाईल भ्यानमा रहेको ल्याव उपकरणहरूको प्रयोग विधिवाट माटो विश्लेषण गरीन्छ। यस्मा पि.एच, एन.पि.के. र प्राङ्गारिक पदार्थ विश्लेषण गरिनेछ।

३. कृषकहरूलाई माटोको स्वास्थ्य कार्ड र परीक्षणको रिपोर्ट दिनुपर्दछ।

२०

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

माटो जाँच गराउने कृषकहरूलाई सम्भव भएसम्म एक दिन परीक्षणको नतिजाको आधारमा माटो व्यवस्थापन सम्बन्धमा स्थलगत तालिम दिनुपर्नेछ।

## २४.माटोको गुणस्तर सुधार सम्बन्धी प्रदर्शन कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम कार्यान्वयन हुने।

## २५.एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला कार्यक्रम

१. एक बाली र दुई बाली पद्धतिमा आधारित कृषक पाठशाला सञ्चालन गर्नुपर्ने,

२. पहिलो अन्तरक्रिया गोष्ठीमा ४० जना भन्दा बढी कृषक र दोस्रो पटकको अन्तरक्रिया गोष्ठीमा ३० जना कृषक सहभागी गराउनुपर्ने,

३. कृषक आवश्यकता पहिचान गोष्ठी बढीमा तीन वटा सञ्चालन गर्न सकिने,

४. सहभागी कृषकहरूमध्ये तीन जना कृषकलाई पुरस्कृत गर्न सकिने,

५. जनप्रतिनिधि, कार्यालय प्रमुख तथा अन्य सरोकारवालाको उपस्थितिमा कृषक दिवस आयोजना गरिने, र

६. पाठशाला सञ्चालनको विस्तृत प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने।

## २६.कृषक पाठशाला (फलफूल/तरकारी/मसलाबाली लगायत अन्य बाली)

१. मन्त्रालयबाट तयार गरिएको प्राङ्गारिक कृषि कृषक पाठशाला सञ्चालन पाठ्यक्रम तथा लागत अनुमानलाई आधार मानी पाठशाला सञ्चालन गर्ने।

२. मन्त्रालयबाट तयार गरिएको लागत अनुमानलाई जिल्ला विशेष पुनः लागत अनुमान तयार गर्न आवश्यक लागेमा जिल्ला स्थित कार्यालयले स्वीकृत कार्यविधिको अधिकतम सीमा रकम भित्र रहि लागत अनुमान तयार गर्ने।

३. प्राङ्गारिक कृषि कृषक पाठशाला सञ्चालन स्याउ, सुन्तला र अदुवामा सञ्चालन गर्न सकिने। अन्य बालीहरुमा पाठशाला सञ्चालन गर्दा सङ्घीय सरकारबाट कृषक पाठशाला सञ्चालन नर्मस अनुसार सञ्चालन गर्न सकिने।

प्राङ्गारिक कृषि कृषक पाठशाला सञ्चालन गर्दा एक जना बगैंचा धनीको बगैंचामा व्यवहारिक कार्यको सिकाइ सञ्चालन गर्ने र अन्य सदस्यहरुको व्यबहारिक कार्य सिकाइको लागि जिल्लाको वार्षिक विकास कार्यक्रममा प्राङ्गारिक तथा जैविक मलको परीक्षण कार्यको लागि स्वीकृत भएको बजेटलाई पाठशालामा संलग्न अन्य सदस्यहरुको



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

सिकाइको लागि समेत प्रयोग गर्न सकिने।

२७.सम्भाव्यता तथा प्रभावकारिता अध्ययन कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

२८.प्राविधिक सेवा परामर्श कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

२९.युवा प्राविधिक स्वरोजगार कार्यक्रम (बेरोजगार कृषि तथा पशुपन्छी सेवा प्राविधिक)

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

३०.प्रयोगशाला जोखिम भत्ता कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

३१.तथ्याङ्क सङ्कलन विश्लेषण तथा प्रकाशन

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

३२.बागवानी विकास केन्द्रबाट सञ्चालित उत्पादन तथा प्रविधि प्रसारण कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

मा.भिम प्रकाश शर्मा
मन्त्री

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

३३.स्थानीय तहमा आधारभूत कृषि तथा पशुपन्छी प्रयोगशाला स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

३४.कृ षि पर्यटन प्रवर्द्धन कार्यक्रम

जिल्लाको प्रमुख पर्यटकीय क्षेत्र आसपासमा पशुपन्छी प्रवर्द्धनका क्रियाकलापहरु (स्थानीय कुखुरापालन, हाँस पालन, माछा पालन, तथा विशिष्ट जातका पन्छी पालन) सञ्चालन गर्न सकिनेछ,

३५. छैटौं उद्योग (Sixth Industry) को अवधारणा अनुरुप नमुना व्यवसाय पाइलटिङ्ग कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

३६. कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम (स्थानीय तह)

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

३७. लागत सहभागितामा आधारित अनुदान कार्यक्रम

१. आधिकारिक स्रोतकेन्द्र तथा रजिष्टर्ड गरिएका स्थानहरूबाट मात्र बिरुवा, बीउ, स्पान, मेटल विन, ब्रिड, औजार उपकरणहरू खरिद गर्नुपर्नेछ,

२. भौतिक पूर्वाधार तथा औजार उपकरणहरूको संरक्षण र समुचित प्रयोग गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ताको हुनेछ। समुचित प्रयोग नभएको पाइएमा अनुदान प्रवाह गर्ने निकायले जुनसुकै बेला औजार उपकरणहरू फिर्ता लैजान सक्नेछ,

३. अनुदानग्राहीले कम्तीमा खेतीको हकमा ५ वर्ष र साना उद्योगहरू र भौतिक पूर्वाधार निर्माणको हकमा १० वर्ष अविछिन्न रूपमा स्वीकृत व्यवसाय सञ्चालन गर्ने कुरा सेवाका सर्तहरूमा खुलाउनु पर्नेछ।

३८.प्रदेशको मुख्य नाकामा तथ्याङ्क संकलक परिचालन तथा व्यवस्थापन

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

## च. साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम

१. साना सिँचाइ निर्माण, मर्मत सम्भार तथा मागमा आधारित सिँचाइ कार्यक्रम

१. कृषि सिँचाइ निर्माणमा स-साना कुला, कलभर्ट, प्लाष्टिक पोखरी, हिउँ पोखरी/ फेरोसिमेन्ट टयांक, थोपा सिँचाइ, फोहोरा सिँचाइ, सोलार पम्प सिँचाइ, ढिकि पम्प लगायतका नयाँ प्रविधिमा आधारित सिँचाइहरुको



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निर्माण तथा मर्मत कार्य गर्न सकिने,

२. सिँचाइ कार्यक्रमबाट लाभान्वित वर्ग, सङ्ख्या, क्षेत्रफल, बाली प्रणालीमा हुने परिवर्तन समेतको विवरण अन्तिम भुक्तानी हुनु अघि कार्यालयमा पेश गर्नुपर्ने,

३. आयोजनाको स्वीकृत कूल लागत, साझेदारी रकम, सम्पन्न हुने अवधि, अपेक्षित उपलब्धि सहितको आयोजना सम्बन्धी कार्यको संक्षिप्त विवरण कार्यक्रम स्थलमा राख्नुपर्ने,

४. सिँचाइ आयोजनाको निर्माण गर्दा स्थानीय स्रोत साधन र श्रमिकको प्रयोग गर्नु पर्ने,

५. अत्यावश्यक अवस्थामा बाहेक मेशीनरी औजार उपकरणको प्रयोगलाई निरूत्साहित गरिएको, समिति स्वयंको व्यवस्थापनमा निर्माण कार्य गरिनुपर्ने,

६. विशेष परिस्थिति वाहेक रू एक करोड भन्दा कम लागतको योजनामा मानवीय श्रमको प्रयोग गर्नुपर्ने,

७. प्राकृतिक वा अन्य कारणले क्षति पुग्न गएका कृषि सिँचाइ योजनाहरूको मात्र मर्मत हुनेछ। निर्माणको क्रममा उपभोक्ता समितिको कुनै लापरवाहीका कारण योजनामा क्षति पुगेको अवस्थामा सहयोग उपलव्ध हुनेछैन। वास्तविक क्षति भएकोमा सम्बन्धित कृषि विकास कार्यालयबाट सिफारिस गरिएको हुनुपर्ने,

८. लागत अनुमान तयार हुनुपर्ने,

९. उपभोक्ताले मर्मत कार्य गर्ने निर्णय गरेको हुनुपर्ने, र

१०. बैंक खाता विवरण उल्लेख हुनुपर्ने।

मा.भिम प्रकाश शर्मा
मन्त्री

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## छ. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम

### १. बीउ उत्पादन कार्यक्रम (खाद्यान्न, तरकारी, मसलाबाली, आलुबाली, जरेबाली आदि)

१. गुणस्तरीय बीउको स्वास्थ्य, ओजस, १००० दानाको तौल, चिस्यान, उमारशक्ति, जातीय, भौतिक शुध्दता, समानता र चमकपन, जीवितपन जस्ता विशेषताहरूमा ध्यान दिनु पर्दछ।

२. सङ्केतपत्रमा उत्पादन वर्ष, बालीको नाम, न्यूनतम उमारशक्ति प्रतिशत, बीउको तौल, सिफारिस क्षेत्र, परीक्षण मिति, बालीको जात, न्यूनतम शुद्धता प्रतिशत र लोगो जस्ता विवरणहरू हुनुपर्नेछ।

३. यथार्थ सङ्केतपत्रको लम्बाइ १३.५ से.मी. र चौडाइ ८.५ से.मी. को हुनुपर्छ।

४. जात सूचीबाट हटाउने (डिनोटिफाइड) भनी नेपाल राजपत्रमा उल्लिखित बालीका जातहरू बाहेकका जातहरूको मात्र बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनुपर्ने।

५. आलुको पिविएस तथा अन्य बालीहरूको प्रजनन तथा मूल बीउको प्रयोग गरेर बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्छ।

६. बीउ उत्पादनको जानकारी एकीकृत कृषि प्रयोगशाला, सुर्खेतमा गराउनु पर्दछ।

७. बीउ बाली निरीक्षण गराउनु पर्दछ।

८. एग्रोभेट तथा बीउ कम्पनीहरूसँगको समन्वयमा बीउ उत्पादक कृषकहरूसँग बिक्रीको सुनिश्चितता दिनु पर्दछ।

### २. साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि वा पशुसेवा) बाली उत्पादन विशेष कार्यक्रम

१. स्थानीय तह र अन्य संघ संस्थाहरूसँग साझेदारीको अवधारणामा कार्यक्रम सञ्चालन गर्न प्रयास गरिनेछ।

२. पकेट क्षेत्र छनौट समितिः

| | |
|---|---|
| संयोजकः | प्रमुख, कृषि विकास कार्यालय वा पशु अस्पताल तथा पशुसेवा कार्यालय |
| सदस्यः | कृषि हेर्ने कार्यपालिका सदस्य, स्थानीय तह |
| सदस्यः | कृषि तथा पशुसेवा शाखाका प्राविधिक, स्थानीय तह |

*नोटः स्थानीय तह प्रमुख वा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सकिनेछ।*

३. पकेट सञ्चालक समिति गठनः

| | |
|---|---|
| संयोजकः | उपभोक्ता कृषक |
| सदस्यः | उपभोक्ता कृषक ३ जना |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

सदस्य सचिवः सम्बन्धित पकेट कार्यक्रम हेर्ने प्राविधिक

*नोटः उपभोक्ता कृषकहरूमा न्यूनतम २ जना महिला हुनुपर्नेछ*

४. पकेट क्षेत्र छनौट समितिले सम्भाव्यताका आधारमा समितिबाट निर्णय गरी पकेट क्षेत्र निर्धारण गर्नेछ। पकेट क्षेत्र निर्धारण गरे पश्चात सम्बन्धित क्षेत्रका लाभदायी कृषकहरूबाट पकेट सञ्चालक समिति गठन हुनेछ। पकेट सञ्चालक समितिको सहजिकरणमा लाभदायी कृषकहरूको सहभागितामा सहभागितात्मक योजना तर्जुमा गरी कार्यान्वयन हुनेछ। योजना तर्जुमा प्रकृयामा सम्बन्धित वडाको वडाध्यक्षलाई आमन्त्रित गरिनेछ।

५. पकेट सञ्चालक समितिको काम कर्तव्य र अधिकारः

क. पकेट सञ्चालनका लागि आवश्यक उत्पादन सामग्रीको परिमाण, स्रोत र लागतको अनुमान गर्ने।

ख. बाली चक्रको लागि उत्पादन योजना सहितको प्रस्तावना तयार पार्ने।

ग. जिल्लास्थित कार्यालयसँग समन्वयमा कार्यक्रम कार्यान्वयन गर्ने।

घ. पकेट प्रोफाइल अद्यावधिक गर्ने।

ङ. पकेट क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानून बमोजिम व्यवस्थापन गर्नुपर्ने।

### ३. व्यावसायिक तरकारी खेती ठूला ग्रीननेट हाउसमा अनुदान कार्यक्रम

१. भौगोलिक क्षेत्र र बालीको आधारमा उपयुक्त डिजाईन ले-आउट, तथा सम्बन्धित कार्य गर्ने तीनवटा व्यवसायीबाट कोटेसन पेश गर्नु पर्नेछ। यसका साथै आपुर्तिकर्ताले १ वर्ष सम्म मर्मत सम्भार र प्राविधिक सेवा प्रदान गर्ने प्रतिद्धता पत्र समेत पेश गर्नु पर्नेछ,

२. उच्च मूल्ययुक्त तरकारी उत्पादनका लागि प्राविधिक ज्ञान तथा आवश्यक जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ,

३. प्रस्तावित जमिनमा सडक, सिँचाइ, विद्युत सुविधाहरूको अवस्थावारे प्रमाण पेश गर्नुपर्ने छ। साथै नेट हाउस निर्माण गर्ने प्रस्तावित स्थल (जमिन) को रंगीन फोटो पेश गर्नुपर्नेछ,

४. कार्ययोजना सहितको व्यवसायी योजना हुनुपर्नेछ,

५. उच्च गुणस्तरिय सामग्रीको प्रयोग हुनुपर्नेछ,

६. व्यावसायिक खेती योजना कम्तीमा १० वर्षको हुनुपर्नेछ,

२६

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

७. प्राङ्गारिक तथा जैविक मलको प्रयोगको सुनिश्चितता हुनुपर्नेछ।

## ४. रोड कोरिडोर तरकारी बाली प्रवर्द्धन कार्यक्रम

१. कम्तीमा बीस रोपनी क्षेत्रफलमा तरकारी खेती,

२. यो कार्यक्रम सञ्चालन गर्नका लागि एक आर्थिक वर्षका लागि तरकारी बालीमा व्यवसायीकरण नभएको, प्राविधिकरूपले सम्भाव्य, बिक्रीको लागि बजार भएको कुनै सडक खण्ड कार्यालयले छनौट गर्नुपर्नेछ। यसरी सडकखण्ड छनौट गर्दा यत्रतत्र छरेर गर्न पाइनेछैन। सडकसँग जोडिएका बस्तीहरूलाई सहभागी हुन चाहे सम्म समेट्ने प्रयास गर्नुपर्नेछ,

३. यसरी छनौट गरिएको सडकखण्डमा प्रवर्द्धन गरिने तरकारी बालीहरू र अनुशरण गर्नुपर्ने प्रविधि, सिजन निर्धारण गरी वर्षभरी सो सडक खण्डमा प्रवर्द्धन गरिने तरकारीबालीको उत्पादन तालिका तयार गर्ने,

४. तोकिएको सडकखण्ड क्षेत्रका समूह, सहकारी, संस्थाहरूबाट तरकारी बालीको उत्पादन कार्यतालिका अनुसारको उत्पादन कार्यक्रममा सहभागी हुन निवेदन माग गर्ने,

५. प्लाष्टिक घर भित्र तरकारी खेती प्रवर्द्धन गर्न निर्माण गरिने प्लाष्टिक घर न्युनतम ९० ग्राम प्रति वर्ग मिटरको यु.भी. सिल्पोलिन प्लाष्टिक प्रयोग गरेको कम्तीमा ६x१२ वर्ग मिटरको बनाउनु पर्ने,

६. व्यावसायिक रुपमा फार्म सञ्चालन गर्ने तथा लागत सहभागिता बढी गर्ने किसान, समूह, सहकारी, संस्थालाई प्राथमिकता दिईनेछ। छानिएको सडकखण्डभित्र पर्ने तर समूह, सहकारी, संस्थामा आबद्ध नभएका कृषकहरूलाई समूह बनाई सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ,

७. कार्यालयबाट पकेट प्राथमिकता परेका बाली वस्तु र कृषकका लागि बढी मुनाफामूलक बालीलाई प्राथमिकता दिएको हुनुपर्नेछ,

८. बाली सघनता जोड दिई उत्पादकत्व वृद्धि गरी आयआर्जन सिर्जना गर्ने तथा स्वरोजगार वृद्धि गर्ने खालको कार्य हुनुपर्नेछ,

९. आधुनिक उत्पादन संरचना, मेसिन, नर्सरी स्थापना तथा औजार उपकरणको प्रयोगमा जोड दिएको हुनुपर्नेछ,

१०. कार्यालयले परिभाषित गरेको जातिय गुणको बीउ, बेर्ना, बिरुवा हुनुपर्नेछ,

११. बजारिकरणको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्था तथा कृषकको क्षमता अभिवृद्धि जस्ता



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कार्य संलग्न हुनुपर्नेछ,

१२. प्राङ्गारिक उत्पादन, सामूहिक खेती तथा रोजगारी सृजनालाई प्राथमिता दिनुपर्नेछ,

१३. रोड कोरिडोर भन्नाले मुख्य सडक खण्डबाट बढीमा पाँच किलोमिटर दायाँ-बायाँको क्षेत्र भन्ने बुझ्नुपर्नेछ, र

१४. भाडामा जग्गा लिएको अवस्थामा वडा कार्यालयको रोहबरमा सम्झौता भएको आधिकारिक कागजात पेश गर्नुपर्नेछ।

### ५. रोड कोरिडोर लक्षित व्यावसायिक प्रोत्साहन कार्यकम (रोड कोरिडोर तरकारी कार्यक्रम)

यस कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुलाई एक सूचना मार्फत कार्यालयमा सूचीकृत गराई कार्य थालनी गर्न सकिनेछ।

### ६. सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

### ७. रोड कोरिडोर व्यावसायिक कार्यकम (फलफूल खेती)

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

### ८. व्यावसायिक फलफूलखेती प्रवर्द्धन कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

### ९. फलफूल क्षेत्र विस्तार कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

### १०.कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम

१. कार्यक्रमका लाभान्वित वर्ग अन्तर्गत फरक क्षमता भएका, द्वन्द पीडित, एकल महिला, दलित महिला, वेरोजगार युवा, प्राविधिक शिक्षा अध्ययन गरेका तथा विदेशबाट फर्किएका युवाहरूलाई समेट्ने,

२. सूचना प्रकाशन गर्दा साना तथा मझौला कृषि व्यवसायको लागि प्रस्ताव गर्न अधिकतम रू. १० लाख सम्मका प्रस्तावनाहरू पेश गर्न सकिने।

### ११.उत्पादनमुखी मिशन कार्यक्रम



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

## १२.कर्णाली प्रदेश बीउ क्षेत्र सहयोग कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

## १३.व्यावसायिक फलफूल, तरकारी, खाद्यान्न, आलु, दलहन, मौरी, च्याउ, तेलहन, कपास बाली प्रवर्द्धन कार्यक्रम

१. कुनै बाली र वस्तु विशेषका लागि कार्यालयले प्राविधिक सम्भाव्यता, बजारका अवसर र पूर्वाधारहरूको आधारमा पकेट क्षेत्र/उत्पादन क्षेत्र घोषणा गर्ने,

२. यसरी छानिएका पकेट क्षेत्र/उत्पादन क्षेत्र भित्रका कृषक, समूह, सहकारी, संस्थाहरूलाई सर्तहरु उल्लेख गरी सम्भव भए सम्म सिजन भन्दा कम्तीमा एक महिना अगाडी सबैको पहुँच हुने गरी स्थानीय आम सञ्चार माध्यमबाट सूचना जारी गर्ने,

३. कार्यक्रम सञ्चालन गर्न प्रत्येक कार्यालयले व्यावसायिक महत्व बोकेका र प्राविधिकरूपले सम्भाव्य प्राथमिक ३ बालीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्ने,

४. यस कार्यक्रम अन्तर्गत प्रवर्द्धन गरिने बालीहरूको हकमा कार्यालयले तोके अनुसार खेती गर्नुपर्नेछ,

५. प्रस्तावको मूल्यांकन तथा छनौटको आधारहरू तय गर्दा तपसिलका बुँदाहरूलाई पनि संलग्न गर्नु पर्नेछः

क. सम्भाव्य तथा प्राथमिकतामा परेका पकेट क्षेत्रका मागहरु,

ख. व्यावसायीक स्तरमा खेती गर्ने कृषकहरु,

ग. व्यवस्थित रुपमा फार्म सञ्चालन गर्ने तथा लागत सहभागिता बढी गर्नेलाई प्राथमिकता,

घ. मूल्य श्रृङ्खला तथा मूल्य अभिवृद्धि गर्ने प्रकारका मागहरु,

ङ. खेर गएका सार्वजनिक तथा व्यक्तिगत जमिनहरुमा ठूलो स्तरमा सामूहिक वा करारमा खेती गर्ने, र

च. हैसियत बिग्रीएको वनमा डिभिजन वन कार्यालयसँग समन्वय गरी सामूहिक वा व्यक्तिगत रुपमा खेती गर्ने समूह सहकारीहरु।

६. कार्यालयले सूचीकृत नर्सरीहरुबाट फलफूल बिरुवाको खरिद व्यवस्थापन गर्नेछ,

मा.भिम प्रकाश शर्मा
मन्त्री

७. फलफूल बगैंचाहरु (स्याउ र सुन्तला) मा बगैंचा व्यवस्थापनको लागि आवश्यक क्रियाकलापहरु (काटछाँटको लागि औजार, मलखाद, बाली संरक्षणको लागि आवश्यक प्राङ्गारिक/जैविक विषादी) सञ्चालन गर्न सकिनेछ।

**१४.उच्च मूल्य कृषि वस्तुको उत्पादन स्थल देखि बजार स्थल सम्म ढुवानी अनुदान कार्यक्रम**

कार्यविधिमा उल्लेख भएबमोजिम सञ्चालन हुने।

१५.कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन

१. खेतीमा कम्तीमा ५ वर्ष र साना उद्योगहरू र भौतिक पूर्वाधार निर्माणको हकमा १० वर्ष अविछिन्नरूपमा स्वीकृत व्यवसाय सञ्चालन गर्ने कुरा सेवाका सर्त खुलाउनु पर्नेछ,

२. अनुदानमा उपलव्ध कृषि यन्त्र उपकरणहरू तथा भौतिक पूर्वाधारहरू कृषि कार्यको समयमा कृषि कार्यमा प्रयोग नगरी अन्य गैह्र कृषि कार्यमा प्रयोग गर्न पाइने छैन,

३. अनुदानबाट प्राप्त कृषि यन्त्र उपकरण तथा औजार उपकरणहरूको मर्मत सम्भार उपभोक्ता स्वयंले गर्नुपर्नेछ,

४. अनुदानबाट प्राप्त कृषि यन्त्र उपकरण तथा औजार उपकरणहरूमा अनुदान दिने निकाय तथा अनुदान रकम प्रष्ट देखिने गरी लेख्नुपर्दछ,

५. विवरण अद्यावधिक गरेर राख्नुपर्दछ, र

कृषि यन्त्र उपकरण तथा औजार उपकरणहरू आधिकारिक स्रोतकेन्द्र तथा रजिष्टर्ड कम्पनीहरूवाट मात्र खरिद गर्नुपर्नेछ।

१६.नर्सरी स्थापना सञ्चालन विस्तार र सुदृढीकरण

१. भौतिक पूर्वाधारको हकमा डिजाईन, लागत तथा ईष्टिमेट र आर्थिक विश्लेषण र व्यावसायिक योजना मान्यता प्राप्त प्राविधिक वा फर्म (आपूर्तिकर्ता) बाट तयार भएको हुनुपर्नेछ। आर्थिक विश्लेषण, प्राविधिक दृष्टिकोणले उपयुक्त र व्यावसायिक योजनाले यस्ता पूर्वाधारहरू सम्भाव्य भएको कुरा प्रमाणित हुनुपर्दछ।

२. लिजमा लिनुपर्ने भएमा वडा कार्यालयको रोहबरमा लिजमा लिएको कागजात आवश्यक।

३. संरक्षित संरचनामा प्रस्तावित बालीको खेतीमा अनुभव तथा जनशक्तिको विवरण पेश गर्नु पर्नेछ।

४. प्रस्तावित परियोजना स्थलमा सडक, सिँचाइ, थ्री-फेज बिजुली लगायतका सुविधाहरु भएको विवरण पेश गर्नु पर्नेछ।

५. नेचुरल भेन्टीलेटेड ग्रिनहाउसमा परावैजनी किरण अवरोधक पोलीथियन फिल्म, तापमान नियन्त्रण जालीसँगै

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

एग्रीनेट र इन्सेक्ट नेट भएको हुनुपर्नेछ।

६. एग्रीनेट हाउसमा फ्ल्याट टप भई ४० MESH को टप को एग्रीनेट एल्सुनियम सेट नेट तथा क्रिष्टल साइड नेटको आवरण भएको हुनुपर्नेछ।

७. प्लाष्टिक टनेल/घर निर्माण गर्दा जि. आइ. पाइप वा बाँस र सिल्पोलिन वा यु.भी. प्लाष्टिक प्रयोग भएको हुनुपर्नेछ।

८. निर्माण भइसकेका वा निर्माणको क्रममा रहेका नर्सरीहरुमा कम्तीमा १ वर्ष सम्म नर्सरी भित्र उत्पादन हुने बालीहरुको लागि प्राविधिक सहयोगको कार्यहरु पनि लाभग्राहि र कार्यालयहरुको संयुक्त लागत साझेदारीमा प्राविधिक सेवा कार्यहरु सञ्चालन गर्नुपर्नेछ।

यस्ता पूर्वाधारहरू निर्माण कार्यक्रम सञ्चालनको क्रममा प्राविधिक समस्या आएमा वा थप प्राविधिक सहयोग आवश्यक भएमा वा यस्तो प्राविधिक सहयोगको अभावमा यस्ता निर्माण गरिएका संरचनाहरू उपयोग विहीन भई समुदाय र राज्यको लगानी खेर जाने अवस्था देखिएमा कार्यालयले छोटो अवधिको प्राविधिक सेवाको लागि आवश्यक जनशक्ति उपलव्ध गराउन सक्नेछ अथवा यस्तो संरचनाको सञ्चालकहरूलाई तालिमको व्यवस्था गर्न सक्नेछ। यस्ता संरचना भित्र एक सिजनको लागि कार्यालयले नमुना उत्पादन प्रदर्शन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

### १७.कृषि वन कार्यक्रम

१. भौगोलिक सम्भाव्यता तथा उपयुक्तताको आधारमा स्थान विशेषका फलफूल, मसलाबाली, सुगन्धित वन पैदावर, जडिबुटी, अम्रिसो तथा डालेघाँस प्रजातीहरूमा आधारित आयमूलक कृषि वनको विकास तथा प्रवर्द्धनका क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ।

२. आवेदकसँग रहेका लगानीका स्रोतका आधारहरू उल्लेख हुनुपर्नेछ।

३. भिरालो जमिनमा खेती प्रविधि (SALT) को प्रयोग गर्नुपर्ने।

### १८.युवा कृषकलाई जग्गा भाडा सहयोग कार्यक्रम

(क) वडा कार्यालयको रोहबरमा भएको लिज सम्झौता पत्र।

(ख) लिज लिइएको जग्गामा खेती सुरु गरिएको अवस्थामा मात्र अनुदान रकम उपलव्ध हुने।

### १९.पुष्प खेती प्रवर्द्धन कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

### २०.व्यावसायिक कीट विकास कार्यक्रम



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

२१.बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

२२.न्यूनतम समर्थन मूल्य (बन्दा/काउली)

१. न्यूनतम समर्थन मूल्य तयारीको लागि मन्त्रालयबाट आवश्यकता अनुसार विज्ञको सेवा लिई प्रति एकाइ लागत अनुमान तयार गर्न सकिने।

२. विज्ञको सेवा तथा सहयोगबाट प्रति एकाइ लागत अनुमान तयार फाराम अनुसार लागत तथा मुनाफा सहितको न्यूनतम समर्थन मूल्य तयार गरी कार्यक्रम सञ्चालन गर्न सकिने।

३. न्यूनतम सर्मथन मूल्य तयारीको लागि कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७९ अनुसार गठित प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिको सिफारिसमा मन्त्रालयले प्रदेश सरकार समक्ष पेश गर्नेछ।

## ज. कृषि पूर्वाधार विकास कार्यक्रम

१. कृषिमा आधारित उद्योग स्थापना तथा सञ्चालन

१. आवश्यक कच्चा पदार्थ उत्पादन गर्ने र सङ्कलन हुने सम्भाव्यता हुनुपर्नेछ।

२. आन्तरिक तथा बाह्य बजारको लागि गुणस्तरीय कृषि वस्तुको आपूर्तिमा योगदान दिन सक्ने हुनुपर्नेछ।

३. आधिकारिक निकायवाट दर्ता भएको प्रमाणीकरण सम्वन्धी कागजात हुनुपर्नेछ।

४. उद्योग स्थापनाले सामाजिक र वातावरणीय असर नहुने हुनुपर्दछ।

५. मूल्यश्रृङ्खला पद्धतिमा कार्य गर्ने व्यावसायिक योजना भएको हुनुपर्नेछ।

२. शीत भण्डार, सेलारस्टोर, रष्टिक स्टोर निर्माण तथा सञ्चालन

१. रस्टिक स्टोर बनाउँदा यथेस्ट हावा खेल्ने झ्यालहरु, मुसा नछिर्ने, केहि मात्रामा घाम छिर्ने, पानी नचुहिने, र्‍याकहरु निर्माण भएको लगायतका पक्षहरुलाई ध्यानमा राखेर डिजाईन तयार गर्नुपर्दछ।

२. सेलार स्टोर निर्माण गर्दा उत्तरी वा पश्चिमी मोहडा भएको, दुवै तिरका भित्ता तथा छतमा माटोले छोपेको, सिधा घाम नलाग्ने, ढोकामा र विपरितको भित्तामा भेन्टिलेसनको व्यवस्था भएको, भित्ताहरु चिसो भइराख्ने व्यवस्था भएको, फलफूल राख्नको लागि र्‍याकको व्यवस्था भएको लगायतका पक्षहरुलाई ध्यान दिएर डिजाईन

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

तयार गर्नुपर्दछ।

३. शीत भण्डार, रस्टिक स्टोर र सेलार स्टोर वा बनाउँदा उपयुक्त स्थान, समुन्द्र सतह देखिको उचाई, जग्गाको मोहडा, सापेक्षिक आद्रता, दैनिक प्रकाश अवधि, औषत तापक्रम, बाटोको पहुँच, बजारको पहुँच, भण्डारण गर्ने वस्तुको उपलब्धता, प्राविधिक ज्ञान आदिलाई समेत ध्यान दिएर कार्यालयले निर्माण स्थल तथा अनुदानग्राही छनौट गर्नुपर्दछ।

४. प्रचलित कानून बमोजिमका सबै करहरू तिरी कालो सूचीमा नपरेको,

५. माथि उल्लिखित भौतिक पूर्वाधार निर्माणमा अनुभव भएको वा विधान वा नियमावली वा दर्ता प्रमाणपत्रमा उक्त पूर्वाधारहरूसँग सम्बन्धित व्यवसाय गर्ने उद्देश्य वा कार्यक्रम भएको,

६. समूह, सहकारी वा उपभोक्ता समितिले व्यहोर्ने लागत साझेदारीको रकमका लागि प्रमाण पेश गर्नुपर्नेछ,

७. लागत साझेदारी कार्यविधिमा तोके अनुसार हुनेछ,

८. यस अन्तर्गत निर्माण हुने पूर्वाधारको स्थापना गर्नु पूर्व कार्यालयले सम्भाव्यता विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ,

यसरी स्थापना हुने संरचनाहरूको सम्बन्धित कार्यालयले वार्षिक अनुगमन गरी सेवा प्रवाहको गुणस्तरीयताको प्रतिवेदन तयार गर्नुपर्नेछ,

### ३. प्रयोगशाला निर्माण तथा सञ्चालन

१. स्वस्थ तथा गुणस्तरीय बीउ/ बिरुवा उत्पादन, टिस्यूकल्चर प्रविधिबाट बीउ तथा बिरुवा उत्पादन, पशुपन्छी तथा मत्स्य आधारभूत प्रयोगशाला सेवा (जिल्लास्तर), पशुपन्छी तथा मत्स्य प्राथमिक प्रयोगशाला (स्थानीय तहस्तर) र बाली संरक्षण सेवा प्रदान गर्न प्रयोगशाला स्थापना गर्न सकिनेछ। स्थानीय तहसँगको साझेदारीको हकमा स्थानीय तह र कार्यालय बीच भएको समझदारी अनुसार हुनेछ।

२. यस अन्तर्गत विषादी अवशेष द्रुत विश्लेषण, टिस्यू कल्चर ल्याव, भेटरीनरी ल्याव, रिफरल सेण्टर, माटो परीक्षण, बीउ परीक्षण लगायतका प्रयोगशाला स्थापना गर्नु पूर्व कार्यालयले सम्भाव्यता र प्राविधिक सेवा प्रवाहको क्षमता विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

३. यसरी स्थापना हुने प्रयोगशालाहरूको सम्बन्धित कार्यालयले वार्षिक अनुगमन गरी सेवा प्रवाहको गुणस्तरीयताको प्रतिवेदन तयार गर्नुपर्नेछ।



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

यसरी स्थापना हुने प्रयोगशालाहरूको प्राविधिक क्षमता विकासको कार्यक्रम वार्षिक रूपमा राखेछ।

४. कृषि हाटबजार तथा कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन

कार्यविधिमा उल्लेख भएबमोजिम सञ्चालन हुने।

५. कृषिजन्य उद्योगको प्रवर्द्धनात्मक कार्यकम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

## झ. प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम

### १. रैथाने पशुपन्छी संरक्षण, सम्वर्द्धन र उपयोग कार्यक्रम

१. पौष्टिकतायुक्त रैथाने घाँसहरूको पहिचान, अनुसन्धान र संरक्षण गर्नुपर्ने।

२. रैथाने बालीको पशु आहारामा प्रयोग गर्न अनुसन्धानात्मक प्रोत्साहन गर्ने।

३. जातीय शुद्धता कायम गरी स्रोत संरक्षण व्यवस्थापन कार्य गर्नुपर्ने।

४. कार्यविधिमा उल्लेख गरिएका बाहेक जिल्ला तथा स्थान विशेष अन्य कुनै रैथाने पशुपन्छीको संरक्षण एवं प्रवर्द्धन गर्न आवश्यक भएमा कार्य सञ्चालन गर्न सकिने।

### २. भकारो सुधार कार्यक्रम

१. बस्तीको छनौट गर्दा बढी पशुपालन गर्ने, विनियोजित बजेटले सबै घर परिवारलाई समेट्न सक्ने, गोठेमल र गोठ सुधारको बढी आवश्यकता भएको बस्ती, किसानको सहभागिता हुन सक्ने, प्राविधिकरूपले सम्भाव्य भएको र धेरै चिसो भएको स्थानमा गोठ सुधारको कार्यक्रम गर्दा सोही अनुसारको प्राविधिक मापदण्ड तयार गर्ने।

२. सहभागी हुने कृषकहरूको नामावली तयार गर्ने र सहभागिताको प्रतिशत निर्धारण गर्ने।

३. धेरै चिसो नहुने स्थानमा छड बिनाको सिमेन्टेड गर्ने र अन्य स्थानमा स्थानीय स्रोत सामग्रीको प्रयोग गर्ने गरी गोठको भुइं सुधार गर्ने, पशु आहारा खुवाउने डुंड काठ वा सिमेन्टेड बनाउनु पर्ने लगायतका प्राविधिक मापदण्ड अनुशरण गर्ने।

४. गोठेमलको खाडल तयारी, मूत्र सङ्कलन र छापो दिने कार्य गर्ने।



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

स्थानीय आवश्यकता अनुसार गोठ सुधार सम्बन्धी कार्य गर्ने।

### ३. स्थानीय तहमा प्राङ्गारिक कृषि उत्पादन प्रोत्साहन

१. कृषि तथा पशुपन्छीजन्य औजार उपकरण अनुदान,

२. न्यूनतम पाँच रोपनी क्षेत्रफलमा प्राङ्गारिक कृषिका मापदण्डहरूको पालना गरी रासायनिक मल, विषादी र हर्मोन मुक्त एकीकृत मोडेल कृषि फार्म सञ्चालन गर्न पशुपन्छी तर्फ कम्तीमा १० वटा गाई, भैंसी वा ५० वटा भेंडा, बाख्रा वा ५०० वटा स्थानीय कुखुरा विकास फर्मको स्थापना गर्न,

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमाणीकरण निकायबाट अर्गानिक कृषि उपजको प्रमाणीकरण र निर्यात,

४. अर्गानिक कृषि सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने क्रियाकलाप सञ्चालन, र

अर्गानिक उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण, पूर्वाधार विकास, मेसिनरी र क्षमता विकास तथा प्रोत्साहन क्रियाकलाप सञ्चालन।

### ४. स्थानीय कुखुरा विकास कार्यक्रम (सामुदायिक)

१. कार्यक्रमको लक्षित वर्ग

- सिमित मात्रामा कृषि सम्बन्धी आयस्रोत भएका समुदायहरु,
- स्थानीय कुखुरापालनलाई घर परिवारको वैकल्पिक आयस्रोतका रुपमा अपनाउदै आएका समुदाय,
- स्थानीय कुखुरापालन गरिरहेका तथा पाल्न इच्छुक घर परिवारहरु,
- ग्रामीण कुखुराको तुलनामा अन्य पशुपालन तथा बालीनालीको सम्भावना कम भएका क्षेत्रहरु, र
- सुत्केरी तथा स्तनपान गराउने महिला भएका घर परिवारहरु।

२. पकेट क्षेत्रको पहिचान/लक्षित वर्ग छनौट गर्दा कार्यालयले स्वीकृत कार्यक्रमको लक्ष अनुसार जिल्ला तथा समुदायस्तरमा सबै सरोकारवाला तथा संम्भाव्य समुदायहरु समेतको सहभागितामा अन्तरकृया सञ्चालन गरी कार्यक्रम तथा सञ्चालन प्रकृया बारे जानकारी गराउने र उपयुक्त पकेट क्षेत्रको पहिचान गर्नुपर्नेछ।

३. लक्षित घरपरिवार छनौट तथा समूह गठन गर्दा सहजकर्ता र कार्यालयका प्राविधिकले कार्यक्रम सञ्चालनका लागि छनौट भएका पकेट क्षेत्रहरुका कृषकहरुसँग अन्तरक्रिया गरी इच्छुक घरपरिवार पहिचान गर्ने कार्य गर्नुपर्नेछ। लक्षित वर्गको पहिचान गर्दा माथि उल्लिखित आधारहरुमा रहेर छनौट गरिनेछ।

४. ग्रामीण कुखुरापालन सम्बन्धी ज्ञान र सीप सिक्ने तथा सिकाउने तत्परता भएका १५ देखि २५ जना

३५

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

सदस्यहरु रहने गरी समूह बनाईनेछ।

५. समूहमा कम्तीमा ६० प्रतिशत महिला सदस्यहरुको प्रतिनिधित्व हुने व्यवस्था मिलाउनु पर्ने छ।

६. समूहका सदस्यहरुलाई कार्यक्रमका बारेमा विस्तृत जानकारी दिइने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

७. समूहलाई नियमितरुपमा बैठक बस्ने तथा पायक पर्ने बैंकमा खाता खोल्न व्यवस्था मिलाईनेछ।

८. समूहको कार्य योजना तयारी गर्दा पशु सेवा प्राविधिकहरुले समूह गठन गरेको १ महिना भित्र समूहका सदस्यहरुको सहभागितामा आगामी १ वर्ष भित्र समूहले सञ्चालन गर्ने क्रियाकलपाहरुको कार्य योजना र सो अनुसारको समयबद्ध कार्य तालिका तयार पार्नु पर्दछ। कार्य योजनामा अन्य कुराको अलावा निम्न बुंदाहरु समाबेश भएको हुनुपर्दछः

- खोर निर्माण योजना तयार गर्नुपर्ने,
- समूहलाई आवश्यक तालिमको विवरण र तालिमको उपयुक्त समय उल्लेख गर्नुपर्ने,
- चल्ला/ कुखुरा खरिद तथा वितरण योजना तयार हुनुपर्ने,
- कुखुराको आहारा व्यवस्थापन योजना तयार गर्नुपर्ने,
- रेकर्ड सङ्कलन योजना हुनुपर्ने,
- उत्पादित अण्डा तथा कुखुराको घरायसी उपयोग तथा बिक्री योजना तयार गर्नुपर्ने,
- अनुगमन योजना तयार गर्नुपर्ने,
- समूहले आवश्यक ठानेका अन्य कार्यहरु थप गर्न सकिने,
- कार्य योजना बनाएको १५ दिन भित्र सो कार्ययोजना कार्यालयमा पठाउनु पर्नेछ, र
- नियमित मासिक बैठक बसाल्ने र समूहका सदस्यहरुले कार्ययोजना अनुरुप काम गरे नगरेको अनुगमन र समीक्षा गरी योजनाहरु समयमै सम्पन्न गराउने जिम्मेवारी कार्यालयको हुनेछ।

९. ग्रामीण कुखुरापालन सम्बन्धी तालिम सञ्चालन गर्दा कुखुराको खोर बनाउने समय भन्दा अगाडी समूहका सबै सदस्यहरुलाई स्थानीय कुखुरापालन सम्बन्धी आधारभूत तालिम दिइनेछ। आवश्यकता अनुसार कार्यालयबाट विशेषज्ञहरु संलग्न गराई तालिम सञ्चालन गर्नुपर्नेछ। यस्ता तालिमहरुमा संभव भए सम्म



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कृषकहरुले प्रत्यक्षरुपमा अभ्यास गर्ने व्यवस्था मिलाउनु पर्नेछ। स्वीकृत कार्यक्रमको लक्षित समय तथा समूहको कार्ययोजना अनुसार स्थानीय स्तरमा तालिम सम्पन्न गराउने जिम्मेवारी पशु सेवा प्राविधिकको हुनेछ। तालिम सञ्चालन गर्दा विद्यमान आर्थिक नर्मस् अनुसार नै सञ्चालन गर्नु पर्नेछ।

१०. कुखुराको लागि घाँस लगाउंदा पशु सेवा प्राविधिकले समूह गठनको २ महिना भित्र सुरु गरी समूहका सबै कृषकहरुलाई सिजन अनुसार घाँस लगाउने व्यवस्था मिलाउनु पर्नेछ। यस्को लागि कार्यालयबाट प्राप्त घाँसको बीउ समूहका सबै सदस्यहरुलाई उपलब्ध गराउने तथा घाँस लगाउने विधिबारे सामूहिकरुपमा जानकारी गराइनेछ। समूहका सदस्यहरु मध्ये कुनै एक कृषकको जग्गामा प्रत्यक्ष रुममा अभ्यास गराउने र सबै सदस्यलाई उक्त घाँसको बीउ तथा बेर्ना आ-आफ्नो जग्गामा लगाउन प्रोत्साहित गरिनेछ। उत्पादित घाँस कुखुरालाई खुवाउने तरिका समेत तालिममा जानकारी गराइनेछ।

११. कार्यालय र पशु सेवा प्राविधिकले समूह गठन गरेको ४ महिना भित्र निम्न विधि अनुसार सदस्यहरुलाई कुखुराको खोर निर्माण गर्न लगाउनु पर्दछ।

१२. समूहको बैठक राखी सम्पूर्ण सदस्यहरुलाई स्थानीय स्रोत साधनको प्रयोग गरी कुखुराको खोर बनाउन लगाउनु पर्नेछ। पशु सेवा प्राविधिककले जानकारी गराई सो अनुसार नमुना खोर बनाउन व्यवस्था मिलाईनेछ।

१३. कृषकहरुले खोर बनाउनका लागि प्राप्त अनुदान रकमबाट तार जाली र कर्कट पाता खरिद गर्न प्रयोग गर्नु पर्दछ भने बाँकी सामग्री स्थानीय रुपमा जुटाउनु पर्नेछ। खोर बनाउन नपुग रकम कृषक स्वयमले व्यहोर्नु पर्नेछ।

१४. सदस्यले पहिलो किस्ताको रकम प्राप्त गरेको १ महिना भित्र खोर बनाई सक्नु पर्नेछ। खोर बनाउने कार्य सम्पन्न भए पछि मात्र बाँकी रहेको रु. २५००।- उपलब्ध गराउनु पर्नेछ। खोर बनाउन प्राविधिक सेवा र सोको अनुगमन गर्ने जिम्मेवारी कार्यालयको हुनेछ।

१५. समूहका सबै सदस्यहरुले खोर निर्माण तथा स्थानीय कुखुरा पालन सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको १ महिना भित्र कार्यालयले निम्न विधि अनुसार कृषकहरुलाई हुर्काएको चल्ला उपलब्ध गराउन सहयोग गर्नु पर्नेछ।

१६. समूहको कार्य योजना अनुसार चल्ला खरिद तथा वितरणको मिति यकिन भई सकेपछी चल्ला खरिद गर्ने मिति भन्दा कम्तीमा ४ महिना अगावै जिल्लामा स्थापित ह्याचरीमा आवश्यक चल्लाको परिमाण र चाहिने मिति सहित बुकिङ गर्नुपर्छ। जिल्लामा ह्याचरी नभएको अवस्थामा पशु सेवा विभाग र नेपाल कृषि अनुसन्धान परिषदका कुखुरा फार्ममा सञ्चालन गरिएका ह्याचरीमा सम्पर्क गरी आवश्यक चल्लाको



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

परिमाण र चाहिने मिति सहित बुकिङ गर्नुपर्दछ।

१७. सबै सदस्यहरूले खोर निर्माण गरीसके पछी प्रति परिवार ६ वटा कुखुराको दरले ५० प्रतिशत बराबरको समूहको खातामा जम्मा गर्नुपर्नेछ। समूहको तर्फबाट रकम जम्मा भई सके पछी कार्यालयले ५० प्रतिशत अनुदान रकम समूहको खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

१८. यसरी जम्मा भएको रकम ८ हप्ता उमेर सम्म हुर्काएको चल्ला खरिद तथा ढुवानीको लागि खर्च गरिनेछ। कुखुराको चल्ला खरिद तथा वितरणको लागि समूहले आफ्ना सदस्य मध्येबाट ३ सदस्यीय खरिद समिति बनाउनु पर्नेछ। यसरी गठित खरिद समितिले चल्ला खरिद सम्बन्धी जिम्मेवारी पुरा गरी खरिद तथा वितरण प्रकृया सम्पन्न भएको एक महिना भित्र सम्पूर्ण हिसाव किताव समूहको बैठकमा पेश गर्नुपर्नेछ।

१९. कुखुराको चल्ला वितरण पश्चात नियमित रुमा प्राविधिक सहयोग उपलब्ध गराउने जिम्मेवारी पशु सेवा प्राविधिकको हुनेछ।

२०. कुखुरालाई नियमित रुपमा सिफारिस अनुसार खोप लगाउन र आन्तरिक परजिवि विरुद्ध औषधि खुवाउन लगाउने जिम्मेवारी समेत पशु सेवा प्राविधिकको हुनेछ। प्रत्येक सदस्यले खोप लगाएको र परजिवी विरुद्ध औषधि खुवाएको रेकर्ड राखी प्रत्येक महिना पशु अस्पताल तथा पशु सेवा कार्यालयमा पेश गर्नुपर्नेछ।

२१. प्राविधिक सेवाको सुनिश्चितताको लागि समूहको बैठकमा समूहका सदस्यहरुलाई पशु सेवा प्रावधिकलाई सम्पर्क गर्ने तरिका र माध्यम सहित सम्भव भए सम्म मोवाईल नम्बर र ठेगाना उपलब्ध गराउनु पर्नेछ।

२२. कृषकहरुलाई आफूले उत्पादन गरेको अण्डाको कम्तीमा आधा सङ्ख्यामा परिवारमै उपभोग गर्न अभिप्रेरित गरिनेछ। प्रत्येक समूहले घर परिवारमा उपभोग गरी बाँकि रहेका अण्डा तथा कुखुराको बजारीकरण योजना बनाउनु पर्नेछ।

२३. प्रत्येक सदस्यको जम्मा उत्पादन घरायसी उपभोग तथा बिक्री गरिएको अण्डा तथा कुखुरा र जम्मा आम्दानीको रेकर्ड पशु सेवा प्राविधिकले पशु अस्पताल तथा पशु सेवा कार्यालयमा कम्पाईल गरी पठाउनु पर्नेछ।

२४. प्रत्येक समूहका हरेक क्रियाकलाप, कार्ययोजना, उत्पादन तथा उपभोग सम्बन्धी रेकर्डहरु र अन्य प्रगति सहजकर्ताले पशु अस्पताल तथा पशुसेवा कार्यालयमा मासिक रुपमा रिपोटिङ्ग गर्नुपर्नेछ। पशु अस्पताल तथा पः कार्यालयले रिपोर्ट कम्पाइल गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

## ५. प्राङ्गारिक मल, जैविक मल तथा जैविक विषादी उत्पादन प्रवर्द्धन कार्यक्रम



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कार्यविधिमा उल्लेख भए बमोजिम सञ्चालन गर्नुपर्नेछ।

### ६. प्राङ्गारिक मोडेल कृषि कार्यक्रम

कार्यविधिमा उल्लेख भए बमोजिम सञ्चालन गर्नुपर्नेछ।

### ७. प्राङ्गारिक मिसन कार्यक्रम

१. नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,

२. मन्त्रालयबाट कर्णाली प्रदेशमा उत्पादित अर्गानिक वस्तुहरुको बजारीकरणका लागि ब्रान्ड निर्माण/प्रदर्शनी स्थल निर्माण/बिक्री कक्ष निर्माण/एयरपोर्ट लगायतका प्रमुख आवत जावतहुने नाकाहरुमा बिक्री कक्ष निर्माण/प्राङ्गारिक प्रमाणीकरण आदि लगायतका कार्यहरु सञ्चालन गर्न सकिनेछ, र

कर्णाली प्रदेशलाई प्राङ्गारिक प्रदेशको रुपमा स्थापित गराउनका लागि प्रदेशका पालिकाहरुलाई प्राङ्गारिक पालिक रुपमा बर्गीकरण गर्न सक्नेछ। साथै प्राङ्गारिक बर्गीकरण गरिएका पालिकाहरुको GIS MAP तयार गरी सोहि आधारमा प्राङ्गारिक मिसन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

### ८. जैविक मल तथा प्राङ्गारिक मल बिक्री परिमाणको आधारमा अनुदान कार्यक्रम

कार्यविधिमा उल्लेख भए अनुसार गर्ने।

### ९. प्राङ्गारिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम

१. अनुसन्धान क्षेत्रः

क. प्राङ्गारिक कृषि प्रवर्द्धन तथा विकास सम्बन्धी नीतिगत अनुसन्धान,

ख. प्राङ्गारिक कृषि सम्बन्धी प्रविधि विस्तार र अनफार्म अनुसन्धान,

ग. प्राङ्गारिक कृषि वस्तुको बजारीकरण र मूल्य श्रृङ्खला अभिवृद्धि,

घ. जैविक विषादी र जैविक मलको बाली रोग किरा व्यवस्थापनमा प्रभावकारिता,

ङ. कम्पोष्ट मल, भर्मीकम्पोष्ट तथा गोठेमल,

च. प्राङ्गारिक कृषि र रासायनिक कृषि बीचको तुलनात्मक अध्ययन अनुसन्धान,

छ. प्राङ्गारिक कृषिको आर्थिक, स्वास्थ्य, सामाजिक तथा वातावरणीय पक्षको अध्ययन अनुसन्धान

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

ज. एकीकृत कृषि प्रणालीको कार्यमूलक अनुसन्धान,

झ. प्राङ्गारिक कृषिमा प्राकृतिक स्रोत र स्थानीय जडिबुटी तथा रैथाने प्रजाती प्रयोग सम्बन्धी परम्परागत प्राविधिक ज्ञान र अभिलेखीकरण,

ञ. कृषि जैविक विविधता संरक्षण, दिगो कृषि र संरक्षित कृषि सम्बन्धी अध्ययन,

ट. कृषि वन प्रणाली र जडिबुटी खेती सम्बन्धी अध्ययन अनुसन्धान,

ठ. प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयनको प्रभावकारिता सम्बन्धी अध्ययन अनुसन्धान,

ड. प्राङ्गारिक कृषि उपजको गुणस्तर सम्बन्धी अनुसन्धान,

ढ. कर्णालीमा उत्पादन हुने र पालन गरिने कृषि तथा पशुपन्छीहरुको उत्पादन र बजारीकरणसँग सम्बन्धित क्रियाकलापका क्षेत्र,

ण. रैथाने र विशिष्ट कृषि तथा पशुपन्छी क्षेत्र, र

त. कर्णाली प्रदेशको प्राङ्गारिक कृषि प्रवर्द्धनमा सहयोग पुग्ने सम्भाव्य कृषि र पशुपन्छी पालनमा प्राविधिक विषयगत क्षेत्र।

२. मन्त्रालयले अर्गानिक कृषि अनुसन्धानको लागि आवश्यक लागेमा अन्य अनुसन्धानका क्षेत्रहरू (Thematic Area) तोक्न सक्नेछ।

३. शोधपत्र प्रस्ताव अंग्रेजी वा नेपाली भाषामा हुन सक्नेछ। अङग्रेजीमा शोधपत्र तयार भएको अवस्थामा शोध कार्यको सारांश नेपाली भाषामा पनि तयार गरेको हुनेपर्नेछ।

४. शोधपत्र प्रस्तावको ढाँचा:

| | |
|---|---|
| क. शीर्षक | ख. पृष्ठभूमि, समस्या र औचित्यता: |
| ग. उद्देश्य: | घ. अध्ययनको सीमा: |
| ङ. तथ्यहरूको समिक्षा: | च. सैद्धान्तिक ढाँचा: |
| छ. अनुसन्धान विधि: | ज. अनुसन्धान प्रतिफलबाट लाभान्वित वर्ग: |
| झ. कार्ययोजना: | ञ. बजेट विवरण |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

ट. सन्दर्भ सामग्री

३. अनुसन्धान गर्ने क्षेत्रमा कर्णाली प्रदेश भित्रको भूगोल समेत अनिबार्य समावेश भएको हुनुपर्ने।

४. प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः

| | |
|---|---|
| प्रमुख, कृषि विकास महाशाखा | संयोजक |
| प्रमुख, योजना महाशाखा | सदस्य |
| प्रमुख, पशुपन्छी विकास महाशाखा | सदस्य |
| प्रमुख, नीति अनुसन्धान, मापदण्ड तथा समन्वय शाखा | सदस्य |
| प्रमुख, प्राङ्गारिक खेती प्रवर्द्धन तथा जैविक विविधता शाखा | सदस्य सचिव |

नोटः न्युनतम प्राप्तांक ५०% प्राप्त गरेका निवेदकलाई मात्र अनुदान प्रक्रियामा समावेश गरिनेछ। समितिले आवश्यकता अनुसार बढीमा दुई जना सम्बन्धित विषय विज्ञलाई मूल्याङ्कन तथा बैठकमा आमन्त्रित गर्न सक्नेछ।

५. मूल्याङ्कनका आधारहरूः

| मूल्याङ्कनका आधारहरूः | अङ्कभार |
|---|---|
| १. स्नातक तहको शैक्षिक योग्यताको प्रतिशत | २५ |
| (विशिष्ट श्रेणीः २५, प्रथम श्रेणीः २० र द्वितिय श्रेणी भएः १५) | |
| २. कर्णाली प्रदेशको वासिन्दा | १० |
| ३. समावेशी (महिलाः१, जनजातिः १, दलितः१, अपांगः १, पिछडिएको क्षेत्रः १) | ५ |
| ४. सोधपत्र प्रस्तावको प्राविधिक मूल्याङ्कन | ६० |
| क. विषय शीर्षक | ५ |
| ख. अनुसन्धानको पृष्ठभूमि, समस्या र औचित्यता | १५ |
| ग. उद्देश्य र अध्ययनको सीमा | १० |
| घ. तथ्यहरुको समीक्षा | ५ |
| ङ. सैद्धान्तिक ढांचा | ५ |
| च. अनुसन्धान विधि | १० |
| छ. अनुसन्धानबाट लाभान्वित वर्ग | ५ |
| ज. बजेट तथा कार्य योजना | ५ |
| जम्मा (१+२+३+४): | १०० |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

१०.जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम

१. तरकारी बालीका पकेट क्षेत्रहरू र प्राङ्गारिक क्षेत्रमा जैविक विषादी उत्पादन सामग्री वितरण।

एक प्याकेज कार्यक्रममा २० देखि २५ जना अगुवा कृषकहरूलाई समावेश गरिनेछ।

११.फलफूल बगैंचामा जैविक मल तथा विषादी परीक्षण

१. प्राङ्गारिक पद्धति अनुसार फलफूल उत्पादनको लागि प्राङ्गारिक कृषि कृषक पाठशाला सञ्चालन भएको स्थानमा उक्त पाठशालाका अन्य सदस्यहरुको बगैंचामा प्राङ्गारिक तथा जैविक मलको परीक्षण गर्न सकिने।

२. बगैंचामा प्राङ्गारिक/जैविक मल तथा विषादीको परीक्षणको लागि मन्त्रालयबाट तयार गरिएको आर्थिक लागत सहितको परीक्षण विधिलाई आधार मानी सञ्चालन गर्न सकिने।

१२.प्राङ्गारिक स्थानीय तह घोषणा तथा सहयोग कार्यकम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

१३.प्राङ्गारिक कृषि सेवा प्रदान गर्न वडास्तरमा नमुना प्राङ्गारिक फर्म स्थापना

१. छनौट भएका प्राङ्गारिक कृषि सेवा प्रदायकबाट नमुना प्राङ्गारिक फार्म स्थापना गरी समुदायमा प्रविधि प्रसारणको लागि अवलोकन गराउन तयार हुनुपर्ने।

२. छनौट भएका प्राङ्गारिक कृषि सेवा प्रदायकले आफुले सञ्चालन गरेको फार्मको प्रगति बिबरण कृषि विकास कार्यालयमा पेश गर्नुपर्नेछ।

१४.कर्णाली ब्राण्ड निर्माण तथा प्राङ्गारिक वस्तु बजारीकरण सहयोग कार्यकम र कर्णालीको पहिचान निर्यातयोग्य बाली (स्याउ, सिमी, आलु, मह, अदुवा, बेसार, लसुन, घ्यू, छुर्पी, ऊन लगायतका निर्यातयोग्य बाली वा वस्तु) को लागि बजारीकरण तथा निर्यातमा अनुदान

१. प्याकेजिङ तथा लेबलिङमा सहयोग प्रासको लागि प्याकेजीङ गर्ने मान्यता प्राप्त सेवा प्रदायक संस्था सगँको सम्झौता/समझदारी पत्र, कृषि जन्य वस्तुहरु कर्णाली प्रदेशमा नै उत्पादन भएको प्रमाण खुल्ने कागपत्र, निर्यात गरिएको (देश बाहिर भएमा) निर्यात गरिएको वस्तुको किसिम, परिमाण खुल्ने कागजपत्र (Export Invoice) आदि भएमा मात्र भुक्तानीको लागि योग्य हुनेछ।

४२

मा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

२. कर्णाली प्रदेशमा उत्पादित कृषिजन्य वस्तुहरु अन्तराष्ट्रिय बजारमा बिक्री भएमा उक्त बजारीकरणको प्रक्रियाहरु समाबेश गरी मन्त्रालय/कार्यालयहरुले स्वीकृत बजेट भित्र रहि डकुमेन्ट्रि निर्माण गर्न सक्नेछ।

३. मुलुक बाहिर निकासीको हकमा कर्णाली प्रदेश भित्र नै उत्पादन भएको कागजपत्र, निर्यात प्रमाण र अर्गानिक प्रमाणीकरण खर्चको रसिद, तेस्रो पक्ष प्रमाणीकरण (Third Party Certification) का लागि सम्झौता भएको कागजपत्र, आन्तरिक नियन्त्रण प्रणाली स्थापना भएको लगायतका अन्य प्रमाणीकरण सम्बन्धी कागजपत्र प्राप्त भएमा मात्र भुक्तानी प्रक्रिया बढाइनेछ।

४. प्रदेशको भौगोलिक विशिष्टता र पहिचान दिने विशिष्ट बाली तथा उपजहरूको साथै प्राङ्गारिक ब्राण्डिङ्ग गरेर बजार प्रवर्द्धन गर्नुपर्नेछ।

५. प्राङ्गारिक प्रमाणीकरण सहित निर्यात प्रवर्द्धन

६. कर्णाली प्रदेशमा उत्पादित वस्तुहरुको प्राङ्गारिक प्रमाणीकरण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा बिक्री बितरण गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली (ICS) र सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली (PGS) सञ्चालनका लागि सहयोग गर्न सकिनेछ।

७. कर्णालीको रैथाने बालीहरुको प्रवर्द्धनमा यि बालीहरुबाट विभिन्न परिकार बनाउने प्रशोधन कम्पनी/फर्म/समूह/सहकारी आदिको महत्वपूर्ण भूमिका हुने भएकोले यस्ता प्रशोधन गर्ने व्यवासायीहरुबाट प्रशोधन मेशिनहरुमा लागत सहभागिता प्रस्ताव पेश भएमा त्यस्ता प्रस्तावहरुको मूल्याङकन गरि सहयोग प्रदान गर्न सकिने।

८. कर्णाली प्रदेशबाट जारी भएको मूल्यावन लोगोको प्रचार प्रसार तथा लोगो प्रयोग गर्न इजाजत प्राप्त फर्म/कम्पनी/समूह/सहकारीहरुलाई मूल्यवान लोगो छपाइ सहयोग प्रदान गर्ने।

९. कुनैपनि कृषि उपजहरुको बजारीकरणमा संलग्न फर्म/कम्पनी/समूह/सहकारीहरुबाट आफ्नो उद्योगको ब्रान्ड निर्माणको लागि प्रस्ताव पेश भएमा प्रस्तावको मूल्यङ्कन गरी ब्रान्ड निर्माण सहयोग गर्ने।

१०. मन्त्रालय र मातहतका कार्यालयहरुबाट कर्णाली प्रदेशको "मूल्यवान, कर्णाली किसानको सम्पदा" लोगोको प्रचार प्रसार तथा सचेतनाका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने।

११."मूल्यवान, कर्णाली किसानको सम्पदा" लाई आधिकारिक ट्रेडमार्क लिनको लागि आवश्यक कार्यहरु गर्न सकिनेछ।

१५.प्राङ्गारिक तथा रैथाने कृषि तथा पशुपन्छी उपज बजारिकरण गर्ने सहकारीलाई प्रोत्साहन कार्यक्रम कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

१६. प्राङ्गारिक अदुवा वेसार उत्पादन गर्ने कृषकहरुलाई बिक्री परिमाणको आधारमा प्रोत्साहन सहयोग कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

## ञ. पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम

१. पशु विकास कार्यदल गठन तथा परिचालन

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

२. विशिष्ट जातका पन्छी (कालिज, बट्टाई, टर्की र अष्ट्रिच) प्रवर्द्धन कार्यक्रम

१. विशिष्ट जातका पशुपन्छी व्यवसायी निजी उद्यमी फर्म संस्था समूह सहकारी छनौटको आधार निम्न वमोजिमको हुनेछ :

क) विशिष्ट जातका पशुपन्छी पालन व्यवसायमा अभिरुचि भएको,

ख) विशिष्ट जातका पशुपन्छी सम्बन्धी प्राविधिक ज्ञान भएको वा परम्परागत प्रविधिबाट पशुपालन व्यवसायमा आवद्ध भएको,

ग) विशिष्ट जातका पशुपन्छी व्यवसायको कार्ययोजना प्राविधिक दृष्टिकोणबाट उपयुक्त भएको,

घ) स्थानीय तहबाट विशिष्ट जातका पशुपन्छी पालन व्यवसायी हो भनी प्रमाणित भएको वा व्यवसाय सञ्चालनका लागि उपयुक्त छ भनी सिफारिस गरिएको भए यस्ता व्यवसायीलाई प्राथमिकता दिइने,

ङ) तोकिएको लागत सहभागितामा बढी भन्दा बढी लागत सहभागिता गर्न इच्छुक भएको,

च) सम्बन्धित प्राविधिक विषय अध्ययन वा तालिम प्रासलाई विशेष प्राथमिकता दिइने, र

२. कालिज कम्तीमा ५०० गोटा, बट्टाई कम्तीमा १००० गोटा, टर्की ५०० र अष्ट्रिच कम्तीमा २०० पाल्ने क्षमता भएको हुनुपर्ने।

३. पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र विकास (निजी, सामुदायिक वा सहकारी)

१. न्यूनतम सङ्ख्या निर्धारण

| विवरण | एकजातीय | बहु जातीय | कैफियत |
|---|---|---|---|
| गाई सङ्ख्या | १०० | ३०० | |



मा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | | |
|---|---|---|---|
| भैंसी सङ्ख्या | १०० | ३०० | |
| बाख्रा सङ्ख्या | ५०० | १५०० | |
| भेडा सङ्ख्या | ५०० | १५०० | |
| बंगुर | १०० | २०० | |
| ह्याचरी माछा | १०००० | २०००० | |
| ह्याचरी प्यारेन्ट सङ्ख्या (स्थानीय कुखरा) | ५०० | १००० | |
| ह्याचरी (अन्य कुखुरा) | ५००० | १०००० | |
| चौरी | १०० | | |
| घाँस तथा डालेघाँस (हे.) | २ | ५ | |
| नर्सरी बिरुवा/सेट्स | १०००० | १००००० | |

२. यस अन्तर्गत सञ्चालन हुने प्रमुख कार्यक्रमहरू:

क. स्रोतकेन्द्र सञ्चालन गर्न चाहने व्यवसायीहरूको सूचीकरण गर्ने,

ख. सम्भावना, आवश्यकता र क्षमताको आधारमा सूचीकृत भएका व्यवसायहरू स्रोतकेन्द्र सञ्चालनका लागि छनौट गर्ने,

ग. छनौट भएका स्रोतकेन्द्रहरूसँग स्रोतकेन्द्र सञ्चालनका सर्त, मापदण्ड र प्रतिफलको वितरण सम्बन्धमा छलफल गरी सेवा सर्तहरू निर्धारण गर्ने,

घ. निर्धारण गरिएका सेवा सर्तहरू मान्न तयार भएका व्यवसायहरूसँग स्रोतकेन्द्र स्थापना तथा सञ्चालनको कम्तीमा ५ वर्ष अवधिको सम्झौता गर्ने,

ङ. अनुदान प्राप्त हुने बोका, बाख्रा र भेंडाको अनुदान प्राप्त हुने अधिकतम मूल्य तोक्ने,

च. आयातित वोयर बोका, बाख्रा, भेंडाको प्रचलित खरिद ऐन बमोजिम प्रकृया पुरागरी खरिदगरी ल्याउनुपर्ने भएकाले यस्ता आयातित वोयर बोका, बाख्रा, भेंडाको ५ वर्षका लागि सम्झौता भएका व्यवसायीहरुवाट माग सँकलनगरी नियमानुसार खरिद गर्ने,

छ. कुनै समूह, सहकारी, संस्था तथा व्यवसायीले आँफैले आपूर्तिकर्ता/स्रोतकेन्द्रसँग सम्झौता र खरिद गरी स्रोतकेन्द्र सञ्चालन/स्थापना गर्न चाहेमा तोकिएको अनुदान निजहरूको सिफारिसको आधारमा सम्वन्धित स्रोतकेन्द्र वा आपूर्तिकर्तालाई भुक्तानी दिन सकिनेछ। भुक्तानी दिनु पूर्व बोका, बाख्रा, भेंडाको गुणस्तर, मापदण्ड अनुसार भए नभएको र निर्धारित मापदण्ड अनुसार भए नभएको प्राविधिकले प्रमाणित गरी



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने,

ज. आयातित बोका, बाख्रा, भेंडा खरिद गर्न सम्झौता भएका व्यवसायीहरूबाट अनुमानित मूल्यको १५ प्रतिशत मूल्य पशु अस्पताल तथा पशु सेवा कार्यालयहरूमा माग गर्दा पशु अस्पताल तथा पशु सेवा कार्यालयको धरौटी खातामा अग्रिम जम्मा गर्नुपर्ने,

झ. आयात गरिने विभिन्न जातका बोका, बाख्रा, भेंडाहरूको मापदण्ड तयार गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले एक समिति गठन गर्न सक्नेछ। सो समितिले निर्धारण गरे बमोजिमको प्राविधिक स्पेशिफिकेशनको आधारमा खरिद गर्नुपर्ने,

ञ. समितिले निर्धारण गरे बमोजिमको प्राविधिक स्पेशिफिकेशन अनुसार कुनै समूह, सहकारी, संस्था तथा व्यवसायीले आंफैले आपूर्तिकर्तासँग सम्झौतागरी खरिद गर्न सक्ने,

ट. स्रोतकेन्द्रको रूपमा विकास गराउन कम्तीमा २५ वटा बाख्रा पालन गरिएको फर्मलाई अनुदानमा वोयर बोका उपलव्ध गराउन सकिने,

ठ. नश्ल सुधारको लागि उन्नत बोकाको अधिकतम उपयोग गर्ने योजना हुनुपर्ने,

ड. स्रोतकेन्द्र सँग उन्नत जातको बोका उपलव्ध गराउंदा सो बाट प्राप्तहुने थप बीउ बोका बाख्राको कम्तीमा ५ वर्ष सम्म बिक्री वितरणको वारेमा स्पष्ट उल्लेख गर्नुपर्ने,

ढ. स्रोतकेन्द्रहरूको सञ्चालन तथा अनुगमनका लागि पशु अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुखले आवधिकरूपमा अनुगमन गरी लिखित निर्देशन दिनुपर्ने,

ण. पशु अस्पताल तथा पशु सेवा कार्यालयले वार्षिक रूपमा जिल्ला भित्र सञ्चालनमा रहेका स्रोतकेन्द्रहरूको अद्यावधिक अवस्था, बेलाबेलामा दिइएका निर्देशन पालना र आवश्यक थप क्षमता विकासका कार्यक्रमहरू सहितको विस्तृत प्रतिवेदन प्रथम चौमासिक प्रगति प्रतिवेदन पठाउँदा पशुपन्छी विकास निर्देशनालयमा पेश गर्नुपर्नेछ। पशुपन्छी विकास निर्देशनालयले प्रदेशभरीको स्रोत केन्द्रहरूको विस्तृत प्रतिवेदन तयार पारी माघ महिना भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

त. स्रोतकेन्द्र सञ्चालकहरूले तोकिएको मापदण्डहरू पालना गर्नुपर्नेछ। मापदण्ड पूरा नगर्ने र निर्देशन अनुसार कार्य नगर्ने स्रोतकेन्द्रहरूलाई कार्यालयले स्रोत केन्द्रको सूचीबाट हटाउनेछ।

## ४. मासु पसल तथा वधस्थल स्थापना तथा सञ्चालन

१. घना आवादी भएको वजार क्षेत्रमा उपभोक्तालाई स्वच्छ, सफा र स्वस्थ मासु उपलव्ध गराउने उद्देश्यले स्थापित मासु पसलको आधारभूत मापदण्डः



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

क. ठुलो मासु पसलको क्षेत्रफल १२ फिट चौडाइ र २० फिट लम्वाइ भएको तथा सानो पसलको हकमा १० फिट चौडाइ र १२ फिट लम्वाइ भएको हुनुपर्ने।

ख. पसलको उचाइ १० फिट तथा भित्ता पक्का खालको र भित्ताको भित्री भागमा ६ फिट उचाइ सम्म सेतो रंगको टायल लगाएको र त्यस भन्दा माथी सेतो रंग लगाएको हुनुपर्ने।

ग. बिक्री कक्षको भुइ नचिप्लने पानी नजम्ने नसोस्ने किसिमले ढलान गरिएको वा टायल मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको तथा सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने हुनुपर्ने।

घ. मासु पसलमा सफा पानीको प्रयोग भएको हुनुपर्ने।

ङ. मासु पसल हावादार र बिजुलीको सुविधा भएमा सेतो ट्यूवलाईटको प्रयोग गर्नुपर्ने,

च. मासु काट्ने औजार, उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलको हुनुपर्ने।

छ. मासु राख्ने कोठामा सुर्यको प्रकाश सिधै नपर्ने खालको हुनुपर्ने।

ज. मासु टुक्र्याउने अचानो सफा र प्रयोग नगरिएका बखत छोपेर राखीएको हुनुपर्ने।

झ. मासु पसलमा काम गर्ने कर्मचारीले एप्रोन, गमबुट, क्याप र ग्लोव लगाएको हुनुपर्ने।

ञ. मासु पसलमा झिंगा वा अवान्छित जिव जन्तु पस्न नसक्ने किसिमले जाली ढोकाको व्यवस्था गरेको हुनुपर्ने।

ट. मासु पसलमा कम्तीमा पनि एउटा डिपफ्रीज वा चिलर हुनुपर्ने।

२. सूचना प्रकाशन हुनु भन्दा पहिले पशु वधस्थल स्थापना वा सञ्चालन गर्न इजाजत प्राप्त गरेको हुनुपर्ने।

३. आवश्यक पूर्वाधार निर्माण तथा मेसिनरी औजार खरिदका लागि सेवाग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरू हुनुपर्ने।

४. यस मापदण्डमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा पशु वधशाला तथा मासु जाँच ऐन २०५५, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा उल्लेख भए बमोजिम हुने।

५. आवश्यक मात्रामा चिसो तथा तातो पानीको व्यवस्था हुनुपर्ने।

६. वध गर्न ल्याइएको पशु वाहेक अन्य कुनै पनि पशु प्रवेश गर्न नसक्ने गरी निर्माण गरिएको हुनुपर्ने।

७. मासु सुरक्षित राख्नको लागि शीतभण्डार वा कोल्डरुमको व्यवस्था हुनुपर्ने।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत, नेपाल

८. पशु वध गरिने स्थानमा हुनुपर्ने न्यूनतम अवस्थाः

क. टेवुलको सतह खिया नलाग्ने भएको।

ख. मासु झुण्डयाउन प्रयोग हुने रेल (मिट रेल्स) ग्याल्भेनाइज्ड नगरिएको।

ग. अचानो बाहेक अन्य वेञ्च र टेवुलको सतहमा काठ प्रयोग नगरिएको।

घ. वध गरिएको पशु झुण्डयाउन आवश्यक पर्ने घिर्नी, अंकुश तथा डोरीको व्यवस्था गरिएको।

ङ. प्रयोग गरिने हतियार, औजार तथा उपकरण खिया नलाग्ने किसिमको भै निर्मलीकरण गर्ने सुविधा भएको।

९. पशु वध गरिने स्थानमा देहायका सामग्रीहरू प्रयोग गर्न पाइने छैनः

क. तामा र सो मिसिएको ढलौट तथा क्याड्रमियम प्रयोग गरिएको हतियार तथा उपकरणहरू।

ख. पालिस वा इनामेल लगाईएका भाँडा, हतियार तथा उपकरणहरू।

ग. सिशा (लिड) युक्त भाँडा तथा उपकरणहरू।

१०. देहायका पशु वध गर्ने स्थान छुट्टाछुट्टै हुनुपर्दछः

क. भेंडा, बाखा, च्याङ्ग्रा

ख. राँगो, भैंसी

ग. बंगुर, सुंगुर

घ. पन्छी

५. पशुपन्छी सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन

१. समूह, सहकारी वा बजार सञ्चालक समिति मार्फत मात्र यो कार्यक्रम लागु गरिने

२. खोरको नापः

| क.स. | विवरण | नाप |
|---|---|---|
| १. | खोरको लम्बाई | बाखाको सङ्ख्याको अनुसार निर्धारण गर्नु |



मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | |
|---|---|---|
| | | पर्दछ। |
| २. | खोरको चौडाइ | ६ मी. देखि ८ मिटर बनाउन उपयुक्त तर १२ मिटर भन्दा नबढाउने। |
| ३. | जगको गहिराइ | ७५ से.मी. |
| ४. | टाँडमुनिको भुइको स्लोप भूइ प्लास्टर गर्दा सरसफाई गर्न सजिलो हुन्छ। | ३.५ देखि ५ प्रतिशत |
| ५. | भूइको सतहबाट टाँडको उचाई | १ मी. देखि १.२५ मी. |
| ६. | टाँडको फल्याक बीचको ग्याप | १.२५ से.मी (आधा इन्च) |
| ७. | टाँडको फल्याकको चौडाई | ४ से. मी. |
| ८. | कोरीडोरको साईडको पार्टेसन तथा ढोकाको उचाई बाखा राखीने कोठामा | १ मिटर देखि १ मिटर २५ से. मी. |
| ९. | कोठाको ढोकाको चौडाइ | ८० से .मी. |
| १०. | कोरीडोरको चौडाइ | १ मिटर २० से. मी |
| ११. | कोरीडोरको लम्बाई | खोरको लम्बाई अनुसार निर्धारण गर्ने |
| १२. | टाँड देखि भेन्टीलेसन सम्मको उचाई | १ मिटर |
| १३. | भेन्टीलेसनको उचाई | १ मिटर २० से. मी. |
| १४. | भेन्टीलेसन चौडाइ | ७० से. मी. |
| १५. | मूलढोकाको चौडाइ | १ मिटर ३० से.मी. |
| १६. | मूलढोकाको उचाई | १ मिटर ८० से. मी. |
| १७. | वलेनीतिरको पर्खालको उचाई (टाँड देखि छतको तल्लो भाग रहने सम्मको) | १ मिटर ८० से. मी. |
| १८. | टाँड देखि धुरीसम्मको उचाई | २ मिटर ४० से. मी |
| १९. | छतको स्लोप | ३.६५ प्रतिशत |
| २०. | खोरको बाहिरी भागबाट वलेनी सम्मको छतको लम्बाई | ६० से.मी. |
| २१. | प्रति कोठामा बाखाको सङ्ख्या | २५ देखि ३० सम्म |
| २२. | प्रति कोठामा बोकाको सङ्ख्या | १ वटा राख्न उपयुक्त हुन्छ। |

३. टाट्नोको नापः

| क्र.स. | विवरण | नाप |
|---|---|---|



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | | |
|---|---|---|
| १. | टाँट्नो भूइको चौडाइ | ३७ से. मी. |
| २. | टाँट्नोको घाँस राख्ने भागको चौडाइ | ४५ से. मी. |
| ३. | टाँट्नो क्रसभाग सम्मको उचाई | ७४ से. मी. |
| ४. | टाँट्नो क्रस भाग देखि माथिको उचाई | ७० से. मी. |

४. दाना खुवाउने डुँडको नापः

| क.स. | विवरण | नाप |
|---|---|---|
| बाख्राका किसिम (माउ बाखा, पठेंग्री, बोका ) | | |
| १. | प्रति बाख्राको लागि आवश्यक ठाँउ | ३० देखि ४० से. मी. |
| २. | डुँडको चौडाइ भित्री भागको | ४० से. मी. र बाहिरी भाग ५० से. मी. |
| ३. | डुँडको गहिराइ | ११ से. मी. |
| ४. | जमिनको सतहबाट डुँडको उचाई | ४० से.मी. |
| ५. | सिमेन्टेड डुँड बनाउनु उपयुक्त हुने | |

५. पानी खुवाउने डुँडको नापः बाख्राको किसिम माउ बाखा/पठेग्री/बोका

१. प्रति बाख्राको लागि आवश्यक ठाउँ ३० देखि ४० से.मी.।

२. डुँडको चौडाइ भित्री भागको ३० देखि ४० से.मी.।

३. डुँडको गहिराई २० से.मी.।

४. जमीनको सतहबाट डुँडको उचाई ३० से. मी.।

५. गाई भैंसीलाई आवश्यक पर्ने गोठ।

| पशुको किसिम | क्षेत्रफल (वर्ग फिट) | | कैफियत |
|---|---|---|---|
| | छोपिएको क्षेत्र | खुल्ला क्षेत्र | |
| गाई | २० -३० | ८० -१०० | |
| भैंसी | २५-३५ | ८० -१०० | |
| कोरेली /बहर | १५-२० | ५० -६० | |
| व्याउने गाई/भैंसी | १०० -२०० | १८० -२०० | |

५०

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | | | |
|---|---|---|---|
| राँगो/सांढे | १२० -१४० | २०० -२५० | |

६. कुखुरा खोरः

| कुखुराको किसिम | प्रति कुखुरा आवश्यक स्थान |
|---|---|
| ब्रोइलर | १ वर्ग फिट |
| लेयर्स | २ वर्ग फिट |
| फिडर | २५:१ |
| ड्रिंकर | ४०:१ |

७. बंगुरको लागि आवश्यक पर्ने क्षेत्रफल

| बंगुरको किसिम | प्रति बंगुर (वर्ग मिटर) | | |
|---|---|---|---|
| | खोरको क्षेत्रफल | हातामा खेल्ने क्षेत्रफल | प्रति खोर बंगुर सङ्ख्या |
| व्याउने माउ/व्याएको माउ | ८ | १०.५ | १ |
| माउबाट दुध छुटाएका पाठापाठी (६ – ११ हप्ता) | १.१५ | १.१५ | १० |
| मासुको लागि पालीने पाठापाठी (१२-३१ हप्ता) | १.९ | १.९ | ७ |
| सोध भर्नाका लागि छतौरा छतौरी | २ | २ | ४ |
| थारा र गर्भिणी माउ | २.२५ | २ | ४ |
| प्रजननका लागि भाले बंगुर | ६.५ | १०.५ | १ |

८. बंगुरको दानापानीको लागि आवश्यक क्षेत्रफल

| बंगुरको किसिम | प्रति बंगुर (वर्ग से.मि.) | | |
|---|---|---|---|
| | चौडाइ | लम्बाई | गहिराइ |
| व्याएका माउ र पाठापाठी | ५० | ७५-१०० | क्रमशः २० र १० |
| माउबाट छुटाएका पाठापाठी | ५० | २०-३० | १५ |
| मासुको लागि पालीएका पाठापाठी | ५० | ३०-४० | १५ |
| प्रजननका लागि भाले बंगुर | ५० | ६०-७५ | २० |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

९. पशुपन्छीहरुका लागि आवश्यक पर्ने गोठ तथा खोरहरुको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछ:

क) बाखाको लागि गोठ तथा खोर सम्बन्धी मापदण्ड

| क्र.स. | बाखाको विभिन्न उमेर | खोर भित्रको क्षेत्रफल (वर्ग मिटर प्रतिबाखा ) | प्याडकको क्षेत्रफल (वर्ग मिटर प्रति बाखा ) |
|---|---|---|---|
| १. | ३ महिना सम्म पाठापाठी | ०.२० देखि०.३० सम्म | ०.४० देखि ०.६० सम्म |
| २. | ४ देखि ९महिना सम्मका पाठापाठी | ०.६० देखि० .७५ सम्म | १.२० देखि १.५० सम्म |
| ३. | १० देखि १२ महिना सम्मका पठेग्रा पठेग्री | ०.७५ देखि १.०० सम्म | १. ५० देखि २.०० सम्म |
| ४. | थारा वयस्क बाखा | १.०० देखि १.५० सम्म | २.०० देखि ३.०० सम्म |
| ५. | ब्याउने बाखा | १. ५० देखि २.०० सम्म | ३.०० देखि ४.०० सम्म |
| ६. | प्रजनन बोका | २.५० देखि ३.०० सम्म | ५.०० देखि ६.०० सम्म |

### ६. पशु स्वास्थ्य सेवा कार्यक्रम

(पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६, पशु वधशाला र मासु जाँच ऐन २०५५, पशु वधशाला र मासु जाँच नियमावली २०५७ अनुसार तोकीएका कार्यक्रम र विश्व पशु स्वास्थ्य सँगठन र नेपाल राजपत्रमा उल्लिखित भएका संक्रामक रोगहरु नियन्त्रण रोकथाम र पूर्व तयारीका लागि सञ्चालन गरिने सम्वन्धित कार्यक्रमहरू)

### ७. ब्लकमा पशुपन्छी उत्पादन कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

### ८. रोड कोरिडोर व्यावसायिक कार्यक्रम (पशुपन्छी पालन)

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

### ९. भेडा वा चौरी पालक कृषकलाई प्रोत्साहन सहयोग कार्यक्रम

सहयोग प्राप्त भेडा वा चौरीपालक कृषकहरुको अद्यावधिक विवरण निर्देशनालय तथा मन्त्रालयमा पठाउनुपर्ने। अन्य प्रक्रिया तथा मापदण्ड कार्यविधिमा भएको व्यवस्था बमोजिम हुने।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

१०.पशु स्वास्थ्य शिविर सञ्चालन

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

११.प्रयोगशाला सेवा कार्यक्रम

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

## ट. दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम

१ः दुग्ध व्यवसाय प्रवर्द्धन तथा चिस्यान केन्द्र स्थापना कार्यक्रम

१. व्यवसाय प्रवर्द्धन कार्यक्रममा दुग्ध उत्पादक समूह, दुग्ध उत्पादन सहकारी संस्था, दुध उत्पादन फार्महरू र पकेटका पशुपालक कृषकहरू लाभान्वित हुने,

२. दुग्ध उत्पादक समूहमा कम्तीमा १० जना सदस्यहरूको दुधालु पशु सङ्ख्या कम्तीमा २० गोटा हुनुपर्ने,

३. दुग्ध उत्पादन सहकारी संस्थामा कम्तीमा २५ जना दुध उत्पादन गर्ने कृषक वा ५० दुधालु पशु हुनुपर्ने,

४. पकेट प्याकेज अन्तर्गत कम्तीमा ५ जना समूहमा आबद्ध रहेका पशु पालन कृषक वा १०० गोटा दुधालु पशु भएको क्षेत्र मानिने।

५. दुध तथा दुधजन्य पदार्थ बजारीकरण अन्तर्गतः

क. दुध सङ्कलन केन्द्रः दुध उत्पादक कृषकहरुको पायक पर्ने स्थानमा कम्तीमा दैनिक ५०० लिटर दुध सङ्कलन हुने क्षेत्र,

ख. चिस्यान केन्द्रः सङ्कलन गरिएको दुध मध्ये कम्तीमा २५० लिटर स्वच्छ दुध संरक्षण गर्ने क्षमता भएको।

६. दुध तथा दुग्ध जन्य पदार्थ औद्योगीकरण अन्तर्गत सफा दुधलाई प्रशोधन गरी दुध तथा दुग्ध जन्य पदार्थको उत्पादन, प्याकेजिङ्ग र बजारीकरण गर्ने उद्देश्यका साथ स्थापना भएको स्थान बुझिन्छ,

७. दुग्ध व्यवसाय सञ्चालन गर्न आवश्यक वस्तु तथा सेवाहरु अन्तर्गत दुध उत्पादनका लागि पालिएका पशुहरु, उन्नत गाई भैंसी रांगा वहर खरिद, च्याफ कटर , मिल्किङ्ग मेसिन, मिल्क क्यान, क्रिम सेपरेटर आदि खरिद गर्न सकिनेछ,

८. भौतिक पूर्वाधार तथा विकासका कार्यहरुमा उन्नत प्रविधि यूक्त गोठ निर्माण, कम्पोष्ट मल तथा वायोग्याँस जडान र उद्योग सञ्चालनका लागि उपयुक्त भौतिक पूर्वाधार विकास कार्यहरू हुनेछन्,



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

९. मेसिनरी सामान तथा उपकरणहरु अन्तर्गत दुध चिस्यान केन्द्र सञ्चालन, चिलिङ्ग भ्याट खरिद (क्षमता उल्लिखित भएको), चिलिङ्ग भ्यान (दुध ढुवानीको क्षमता सहित), डिप फ्रिज (क्षमता सहित उल्लेख भएको), विद्युत जडान  तथा सञ्चालन र उत्पादित वस्तुको प्याकेजिङ्ग भण्डारण र बजारीकरणका कार्यहरु हुनेछन्,

१०. क्षमता अभिवृद्धिका कार्यहरु अन्तर्गत पशुपालन तथा व्यवसाय प्रवर्द्धन तालिम, समूह सहकारी संस्था व्यवस्थापक तालिम र संस्थागत कर्मचारी तालिमहरू सञ्चालन हुनेछन्,

११. पशु आहारा व्यवस्थापन तर्फ हिउदे, बर्षे र बहुबर्षिय घाँस तथा डालेघाँस उत्पादन, सन्तुलित दाना व्यवस्थापन र मिनरल ब्लक वितरण कार्य हुनेछन्,

१२. पशु स्वास्थ्य सेवा सुदृढीकरण अन्तर्गत रोग निरोधक पशु खोप व्यवस्थापन, नियमित आन्तरिक परजिवी नियन्त्रण, रोगी पशुको उपचार व्यवस्थापन र पशु प्रजनन व्यवस्थापन कार्यक्रम सञ्चालन हुनेछन्,

१३. व्यवस्थापन खर्च अन्तर्गतका कार्यहरुमा व्यवसायसँग सम्बन्धित रेकर्ड अद्यावधिक फाराम, उत्पादन बिक्री वितरण तथा नाफानोक्सान रेकर्ड अद्यावधिक, मेसिनरी सामान उपकरणहरुको आवश्यक मर्मत सम्भार, होर्डिङ्ग बोर्ड  तयारी, सार्जानिक सुनुवाई र पब्लिक अडिट कार्यहरू सञ्चालन हुनेछन्,

१४. साना डेरी पसलः घना आवादी भएको वजार क्षेत्रमा उपभोक्तालाई कम्तीमा दैनिक १०० देखि ५०० लिटर ताजा दुध सङ्कलन गरी स्वच्छ, सफा र स्वस्थ दुध तथा दुग्धजन्य पदार्थहरु बिक्री वितरण गर्ने उद्देश्यले स्थापित भएको बिक्री स्थललाई साना डेरी पसल भनिन्छ.

१५. डेरी पसल सुधारको लागि आवश्यक पर्ने मापदण्डः

क. ठुलो पसलको क्षेत्रफल १२ फिट चौडाइ र २० फिट लम्वाइ भएको तथा सानो  पसलको हकमा १० फिट चौडाइ र १२ फिट लम्वाइ भएको हुनुपर्ने।

ख. पसलको उचाइ १० फिट तथा भित्ता पक्का खालको र भित्ताको भित्री भागमा ६ फिट उचाइ सम्म सेतो रंगको टायल लगाएको र त्यस भन्दा माथी सेतो रंग लगाएको हुनुपर्ने.

ग. बिक्री कक्षको भुइ नचिप्लने पानी नजम्ने नसोस्ने किसिमले ढलान गरिएको वा टायल मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमक तथा सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने हुनुपर्ने,

घ. डेरी पसल तथा आसपासका क्षेत्र सफा र आकर्षक हुनुपर्ने,

ङ. पसलमा प्रयोग गरिने औजार/उपकरण खिया नलागेको तथा गुणस्तरीय स्टेनलेस स्टीलले बनेको हुनुपर्ने,

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

च. डेरी पसलमा काम गर्ने कर्मचारीले एप्रोन, गमबुट, क्याप र ग्लोव अनिवार्य लगाएको हुनुपर्ने,

छ. पसलमा झिंगा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली ढोकाको व्यवस्था गरेको हुनुपर्ने,

ज. डेरी पसलमा कम्तीमा पनि एउटा डिपफ्रीज वा चिलर हुनुपर्ने,

१६. दुग्ध प्रशोधन केन्द्रः दुधलाई प्रशोधन गरी दुई वा सो भन्दा बढी दुग्ध जन्य पदार्थ उत्पादन गरी बजारीकरण गर्ने व्यवसायलाई दुग्ध प्रशोधन केन्द्र भनिन्छ भने दुध सङ्कलन/ चिस्यान केन्द्र भन्नाले कृषकहरुले उत्पादन गरेको दुध सङ्कलन गरी दुधको गुणस्तर कायम गरी संरक्षण गर्नको लागि चिस्यान उपकरणको प्रयोगबाट निश्चित अवधि सम्म दुधको भण्डारण गर्न सक्ने क्षमता भएको स्थललाई भनिन्छ,

१७. दुध सङ्कलन/चिस्यान केन्द्र सञ्चालनको लागि आवश्यक मापदण्ड

क. दैनिक २५० लिटर दुध सङ्कलन भइ चिलिङ्ग गर्ने चिस्यान केन्द्रमा ५०० लिटर क्षमता भएको र ५०० लिटर दुध सङ्कलन भइ चिलिङ्ग गर्न चिस्यान केन्द्रमा १००० लिटर क्षमता भएको चिस्यान उपकरण भएको हुनु पर्ने वा सङ्कलन केन्द्रबाट चिस्यान केन्द्रमा दुध पुग्न बढीमा २ घण्टाको बाटोको दुरी हुनुपर्ने,

ख. चिलिङ्ग उपकरण राख्नका लागि आवश्यक पर्ने बाटो, पानी, थ्री-फेज बिजुली जस्ता पूर्वाधारको व्यवस्था भएको हुनुपर्ने,

ग. कृषकहरुबाट दुध सजिलै सङ्कलन गर्न सकिने हुनुपर्ने,

घ. दुध सङ्कलन तथा चिस्यान केन्द्र दश वर्ष सम्म सोही स्थानमा सञ्चालन हुनुपर्ने,

ङ. ढल निकास र फोहर व्यवस्थापनका लागि न्युनतम पूर्वाधारहरु तयार भएको हुनुपर्ने।

१८. सङ्कलन केन्द्र र चिस्यान केन्द्रमा प्राप्त हुने दुधको गुणस्तर मापदण्डः

| क.स. | विवरण | मापदण्ड |
|---|---|---|
| १. | ज्ञानेन्द्रीय परीक्षण (Sensory Evaluation) | कुनै अस्वाभाविक गन्ध रंग स्वाद वा अन्य बाह्य पदार्थ ढुंगा पराल कनिका आदी अनुपस्थित हुनुपर्ने |
| २. | अल्कोहल परीक्षण ६८% अल्कोहलमा | दुध नफाटेको हुनुपर्ने |
| ३. | क्लट अन वोइलिङ्ग (clot on boiling) | दुध नफाटेको हुनुपर्ने |
| ४. | अम्लता बढीमा ल्याक्टिक एसिडको हिसावले | ०.१६% |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| | | |
|---|---|---|
| ५. | मिसावट परीक्षण नुन चिनी न्यूट्रलाईजर स्टार्च आदी | अनुपस्थित हुनुपर्ने |
| ६. | दुधको चिल्लो पदार्थ<br>गाईको दुध घटीमा<br>भैंसीको दुध घटीमा<br>मिश्रीत दुध घटीमा | <br>३.५%<br>५%<br>३.५% |
| ७. | दुधको चिल्लो पदार्थ बाहेक ठोस पदार्थ<br>गाईको दुध घटीमा<br>भैंसीको दुध घटीमा<br>मिश्रीत दुध घटीमा | <br>७.५%<br>८%<br>८% |
| ८. | फस्फोटेज परीक्षण (phosphatase test) | फस्फोटेज इन्जाइम उपस्थीत हुनुपर्ने |

१९. दुध तथा दुग्ध पदार्थ भण्डारण तथा बिक्री वितरण मापदण्डः

| क्र.स. | दुध तथा दुग्ध पदार्थ | भण्डारण तापक्रम अधिकतम डिग्री सेल्सीयस | बिक्री वितरण तापक्रम अधिकतम डिग्री सेल्सीयस |
|---|---|---|---|
| १. | दुध | ५ | १० |
| २. | फ्लेभर मिल्क | २०-२५ | २०-२५ |
| ३. | क्रीम | ५-१० | ५-१० |
| ४. | मखन | -१८ | ५ |
| ५. | घ्यू | १० | २०-२५ |
| ६. | आइसक्रिम | -१८ | -५ |
| ७. | चिज | ५-१० | १० |
| ८. | पनिर | ५-१० | १० |
| ९. | दही | ५-१० | १० |
| १०. | खुवा | ५-१० | १० |
| ११. | रसवरी | ५-१० | २०-२५ |
| १२. | लालमोहन | ५-१० | २०-२५ |
| १३. | पेडा | ५-१० | २०-२५ |



५६

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन हुने।

३. घाँस र खर्क विकास कार्यक्रम

(क) भित्री मधेश तथा बेंसीः नेपियर, सुडान, दिनानाथ, मकैचरी, बर्सिम, जै, स्टाईलो आदि।

(ख) मध्यपहाडः नेपियर, अम्रिसो, पासपालन, भटमासे, बदामे, जै आदि।

(ग) उच्च पहाडः कोते, बाँझ, क्लोभर, राइ घाँस, लुसर्न आदि।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

ठ. मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम

१. मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम

१. सुधारिएको माछा पसलमा देहाय अनुसारको मापदण्ड पुरा भएको हुनुपर्ने छ। ठूलो माछा पसलको क्षेत्रफल सामान्यतयाः १५ फिट लम्वाई र १० फिट चौडाई भएको र सानो माछा पसलको हकमा भने १० फिट लम्वाई र ८ फिट चौडाई भएको हुनुपर्नेछ,

२. कार्प माछा पालनका लागि पानीको उपयुक्त गुणस्तरः

| गुणहरू | वाञ्छित स्तर |
|---|---|
| क. भौतिक गुणहरू | |
| १. पानीको गहिराइ | १.५ मिटर |
| २. पानीको रङ्ग | हरियो |
| ३. पारदर्शिता | २० देखि ४० से.मी. |
| ४. प्रकाश क्षेत्र | ४० देखि ८० से.मी. |
| ५. तापक्रम | १८ देखि ३२ डि.से. |
| ख. रासायनिक गुणहरू | |
| १. घुलित अक्सिजन | ५ पिपिएम भन्दा बढी |
| २. घुलित कार्वनडाइअक्साइड | २० पिपिएम भन्दा बढी |
| ३. पि. एच. | ७ देखि ९ |
| ४. सम्पूर्ण क्षारीयता | ५० देखि २०० पिपिएम |
| ५. सम्पूर्ण कडापन | ५० देखि २०० पिपिएम |
| ६. अमोनिया | ०.२ पिपिएम भन्दा कम |
| ग. जैविक गुणहरू | |
| १. ठूला जलीय वनस्पति | अनुपस्थित |
| २. फाइटोप्लाङ्क्टन | बाहुल्यता |
| ३. जुप्लाङ्क्टन | ठिकै मात्रा |
| ४. हिलो तथा लेदो | ३० सेमी भन्दा कम |

३. माछा उत्पादनः

क. पोखरी निर्माण प्रति माछा १ वर्ग मिटर पानीको सतहको क्षेत्रफल भएको तर माछाको जात अनुसार



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

फरक हुन सक्छ।

ख. माछा पालनको लागि आवश्यक पानीको गहिराइ १ देखि १.५ मिटर हुनुपर्ने।

ग. पोखरीमा पानीको स्रोत व्यवस्थापन भएको हुनुपर्ने।

४. भुरा उत्पादन:

| | |
|---|---|
| क. माउमाछा पोखरी २००० देखि ८००० वर्ग मिटर | १.५ देखि २ मिटर |
| ख. नर्सरी पोखरी १०० देखि २०० वर्ग मिटर | १ मिटर |
| ग. रियरिङ्ग पोखरी २०० देखि ५०० वर्ग मिटर | १ देखि १.५ मिटर |
| घ. प्रजनन पोखरी ५ देखि १० वर्ग मिटर | ०.८ देखि १.० मिटर |
| ङ. ह्याचिङ्ग पोखरी ३ देखि ६ वर्ग मिटर | ७५ सेन्टि मिटर |

५. नेपालमा पाल्न सिफारीस गरिएका जातहरु: कमन कार्प, सिल्भर कार्प, विगहेड कार्प, ग्रास कार्प, रहू, नैनी, भाकुर, रेन्बोट्राउट, पांगासियस र एक लिङ्गिय टिलापिया

६. नेपालमा अनुसन्धानका लागि पाल्न सकिने माछाका जातहरु: मांगुर जाती, झिंगे माछा जाती र पोठिया जाती,

७. माछा पोखरी प्रतिहेक्टर १००० भुरा का दर,

८. माछा भुरा ढुवानी तथा प्याकिङ्ग सम्बन्धी मापदण्ड

क. माछाको भुरा ढुवानीका लागि प्याकिङ्ग गर्नु पूर्व भुराको अवस्था हेरी ८ देखि २४ घण्टा पहिले कन्डिसनिङ्ग गराइएको हुनुपर्छ

ख. भुरा प्याकिङ्ग गर्दा सफा र स्वच्छ पानीको प्रयोग गरिएको हुनुपर्छ।

ग. प्याकिङ्ग भएर आएको माछाको भुरामा स्वच्छ माछाको भुरामा हुनु पर्ने अवस्था विद्यमान भएको र रोग परजिविका लक्षण हरु नदेखिएको हुनु पर्छ। कत्ला झरेको पुच्छर वा पखेटा काटीएको जिउमा ढुसी देखिएको शरिरमा रक्तश्राव भएको आखा बाहीर निस्केको शरिर बाङ्गो टिङ्गो भएको कत्ला उठेको सेतो थोप्ला भएको आँखामा बादल लागेको पेट फुलेको पिंधमा पल्टेर बसेको तैरने सन्तुलन गुमाएको रङ्गमा फरक आदी देख्न सकिने रोग वा परजिवीका लक्षण मुक्त भएको हुनुपर्छ



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

घ. माछाको भुरा ढुवानी गर्दा निम्न तीन प्रकार प्याकिङ्ग गरी ढुवानी गर्न सकिनेछः

१. मुख खुल्ला भएको प्लाष्टिक वा धातुको भाँडामा एरिएटर अक्सिजन ग्याँसको उपयोग गरेर वा नगरेर।

२. प्लाष्टिकको व्याग वा बन्द भाँडामा अक्सिजन ग्याँस प्रयाप्त रहेको एयरटाईट अवस्थामा प्याक गरेर।

३.आँखा विकसित भएको माछाको फुल (Eyed-egg) लगायत अन्य मत्स्यजन्य जैविक वस्तु (Live genetic Material) लाई इनसुलेटेड स्टाइरोफोम भित्र बरफमा प्याक गरेर।

ङ. भुरा प्याक भएको प्लाष्टिकको थैलोलाई प्वाल पर्न र अक्सिजन लिक हुनबाट बचाउन कार्डबोर्ड वा अन्य उपयुक्त भाँडो भित्र राखेर ढुवानी गरिएको हुनुपर्छ,

च. माछाको भुरा ढुवानी गर्दा भित्र र बाहिर पट्टी पनि लेवल लागेको र भुरा प्याक भएको मिति, जात, साइज, सङ्ख्या समेत खुलाईएको हुनुपर्छ,

छ. लठ्याउने औषधि (Tranquilizer) प्रयोग गरी ढुवानी गरी ल्याएको भए प्रयोग भएको रसायन एवं सोको मात्रा उल्लेख भएको हुनुपर्छ,

ज. खाद्य प्रयोजनका लागि मृत अवस्था को सिंगो माछा (Dead Unvicerated fish) बाट पनि मत्स्यजन्य रोग वा परजिवी को संक्रमण हुन सक्ने भएकोले त्यस्ता वस्तु पैठारी वा निकासी गर्दा मत्स्य स्वास्थ्य प्रमाण पत्र साथमा संलग्न रहनु पर्दछ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

ङ. भूमि व्यवस्थापन तथा भू उपयोग कार्यक्रम

१. चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम

१. चक्लावन्दी खेती गरिने ठाउँको चार किल्ला सहितको सिफारिस,

२. चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका समूह, सहकारी संस्था, फर्म, कम्पनीले सञ्चालन गर्ने चक्लाबन्दी खेती कार्यक्रमका लागि कार्ययोजना बनाई स्वीकृत गर्नु पर्नेछ।

ढ. सहकारी विकास कार्यक्रम

१. सहकारी नमुना गाउँ स्थापना, सञ्चालन र व्यवस्थापन

१. मन्त्रालयले जिल्लाभित्रका गाउँहरूमध्ये तपसिलका आधारहरूमा उपयुक्त सहकारी नमुना गाउँको छनौट गर्न सक्नेछ।

क. घनावस्ती भइ भौगोलिकरूपमा उपयुक्त क्षेत्रमा सञ्चालनमा रहेको,

ख. राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको क्षेत्र,

ग. सामाजिकरूपमा सामूहिक भावना भएका व्यक्तिहरूको बसोबास भएको क्षेत्र,

घ. कृषि तथा पशुपन्छीजन्य उत्पादनको पर्याप्त सम्भावना भएको क्षेत्र,

ङ. प्राकृतिक सम्पदा एवं सुन्दरता भई पर्यटकीय क्षेत्रकोरूपमा विकास गर्न सकिने क्षेत्र,

च. स्वच्छ खानेपानी, विद्युत्, टेलिफोन, इन्टरनेट, वाटोघाटो जस्ता न्यूनतम भौतिक पूर्वाधार उपलव्ध भएको वा हुन सक्ने क्षेत्र,

छ. दीर्घकालीन लाभ हासिल गर्ने सम्भावना बोकेको क्षेत्र,

ज. सरसफाइ एवं वातावरणीय दृष्टिले प्रदुषण रहित क्षेत्र,

झ. महिलाहरूद्वारा नेतृत्व तथा सञ्चालन गरिएको सहकारी भएको क्षेत्र,

ञ. अन्य उपयुक्त आधारहरू।

२. गाउँ छनौट भए पश्चात गाउँमा सञ्चालनमा रहेका सहकारीहरूबाट प्रतिनिधित्व हुनेगरी आपसी सहमतिमा ५ सदस्यीय सहकारी नमुना गाउँ कार्यक्रम सञ्चालक समिति गठन गर्नुपर्नेछ र यसरी गठन हुने सञ्चालक



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

समितिको काम कर्तव्य र अधिकार तोक्नुपर्नेछ।

३. सहकारी नमुना गाउँको छनौट पश्चात सहभागितात्मकरूपमा सो गाउँका आवश्यकता, सम्भाव्यता, प्राविधिक उपयुक्तताको आधारमा कार्यक्रम तय गरी कार्यक्रमको कार्ययोजना बनाउनु पर्नेछ। यसरी बनाईएको कार्ययोजनाका गतिविधिहरू एकै आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने भएमा पछिल्ला आर्थिक वर्षमा कार्यक्रममा स्वीकृत गरी सञ्चालन गर्न सकिनेछ। तर सम्झौता गर्दा एक आर्थिक वर्षका लागि विनियोजित बजेटको सीमा भित्र रही गर्नुपर्नेछ।

४. कार्यक्रम तर्जुमाका क्रममा प्राथमिकताक्रम निर्धारण गर्दा महिला, दलित, उत्पीडित, सीमान्तकृत समुदाय, भौगोलिकरूले दुर्गम क्षेत्र, आर्थिक, सामाजिक र पूर्वाधार विकासका दृष्टिले पछाडी परेका समुदायलाई प्राथमिकता दिनुपर्नेछ।

५. सहकारी नमुना गाउँमा कृषि सँग सम्बन्धित करेसावारी, फलफूल खेती, नमुना पशुपालन, थोपा/स्प्रिङ्क्लर सिँचाइ, गोठ सुधार, मूल्य अभिवृद्धि र प्रारम्भिक प्रशोधनका लागि सहकारी घर, कृषि उपज सङ्कलन केन्द्र, दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र, कृषि सामग्री आपूर्तिको केन्द्र, बीउ वेर्ना स्रोत केन्द्र, नर्सरी तथा कृषि सँग सम्बन्धित स्थान विशेषको आवश्यकताका गतिविधिहरू हुन सक्नेछन्।

६. क्रियाकलापहरू सञ्चालन गर्दा सम्भाव भएसम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता र जनशक्तिको प्रयोग गर्नुपर्दछ।

७. कृषिजन्य उद्योग सञ्चालन गर्नु पर्दा कम्तीमा दश जना सहकारी नमुना गाउँ क्षेत्रका स्थायी वासिन्दा सम्मिलित हुनुपर्नेछ।

### २. महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम

१. सहकारीले प्राप्त गरेको अनुदान रकम प्रभावकारीरूपमा सञ्चालनका लागि स्थानीय तह सँग समन्वय गर्नुपर्नेछ।

### ३. महिला सहकारी संस्था मार्फत बीउ पुँजी तथा घुम्तीकोष सञ्चालन

१. सहकारीले प्राप्त गरेको वीउ पूँजी तथा घुम्ती कोषको प्रभावकारीरूपमा सञ्चालनका लागि स्थानीय तह सँग समन्वय गर्नुपर्नेछ। प्राप्त सहयोगबाट सञ्चालित कार्य र उपलब्धि वार्षिक साधारणसभाबाट अनुमोदन गरी सम्बन्धित स्थानीय तहमा र कृषि विकास कार्यालयमा उपलब्ध गराउनु पर्दछ।

२. संस्थाको परियोजना प्रस्ताव मूल्याङ्कन अनुसूची अनुसार गर्ने।

३. संस्था मार्फत बीउ पूँजी तथा घुम्ती कोष सञ्चालन कार्यक्रमबाट घुम्ती कोष रकम पाउनका लागि आवेदन



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

दिएका सहकारीहरूले दरखास्त साथ दिएका व्यवसायी योजनाको सम्भाव्यताका आधार, शेयर तथा बचत पूँजी र सहकारी संस्थाको परिपक्वताको आधारमा एकमुष्ट रकम उपलव्ध गराउन सकिनेछ। कार्यक्रमबाट उपलव्ध गराइएको कूल बीउ पूँजी तथा घुम्ती कोषमा सहकारी संस्थाको तर्फबाट पनि २० प्रतिशत रकम अनिवार्यरूपमा राख्नुपर्नेछ।

४. अनुदान प्राप्त गर्ने सहकारी संस्थाले २० प्रतिशत आफ्नो लगानी हुने रकमको बढीमा वार्षिक पाँच प्रतिशतका दरले शेयर सदस्य व्यवसायीहरूलाई ब्याज निर्धारण गर्नुपर्नेछ। पाँच प्रतिशत ब्याज मध्ये दुई प्रतिशत ब्याज बीउ पूँजीका रूपमा जम्मा गरी बीउ पूँजी तथा घुम्ती कोषमा जम्मा गर्नुपर्नेछ।

५. सहकारी संस्थाहरूले लगानी गरेको रकम बढीमा दुई वर्ष भित्र असुल उपर गरिनु पर्छ र साँवा ब्याज सहितको रकम चक्रियरूपमा संस्थाका शेयर सदस्यहरूलाई पुनः अर्को व्यवसायीलाई लगानी गर्नुपर्दछ।

६. बीउ पूँजी तथा घुम्ती कोष प्राप्त गर्ने महिला सहकारीहरुले यस्तो प्रकृतिको बीउ पुजी घुम्ती कोष अन्य कार्यक्रमबाट प्राप्त नभएको हुनुपर्नेछ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री